लेखापरीक्षण प्रतिवेदन

माडी नगरपालिका, चितवन

आर्थिक वर्ष २०८१/८२

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

लेखापरीक्षण प्रतिवेदन

माडी नगरपालिका, चितवन

आर्थिक वर्ष २०८१/८२

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था

(Be a Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)

गन्तव्य (MISSION)

स्वतन्त्र एवम् गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

(Provide Independent and Quality Audit Service)

मूल्य मान्यता (Core Values)

स्वतन्त्रता	*(Independence)*
निष्ठा	*(Integrity)*
पारदर्शिता	*(Transparency)*
जवाफदेहिता	*(Accountability)*
व्यावसायिकता	*(Professionalism)*

महालेखापरीक्षकको भनाइ

नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८१।८२ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)
महालेखापरीक्षक

२०८३ वैशाख

प.सं.:2082/83 मिति : २०८३-१-३०
च.न :APPROVED/FAR/2081-82/LOC/764

श्रीमान् नगरप्रमुखज्यू,
माडी नगरपालिका, नगरकार्यपालिकाको कार्यालय,
चितवन।

विषय - लेखापरीक्षण प्रतिवेदन सम्बन्धमा ।

लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा (२) बमोजिम त्यस पालिकाको आर्थिक वर्ष २०८१।८२ को लेखापरीक्षण सम्पन्न गरी तयार गरिएको लेखापरीक्षण प्रतिवेदन यसैसाथ संलग्न गरी पठाइएको व्यहोरा जानकारीका लागि अनुरोध छ।

(घनश्याम काफ्ले)
नायब महालेखापरीक्षक

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय,बागमती प्रदेश
काठमाडौं

प.सं.:2082/83 मिति : २०८३-१-३०
च.न :APPROVED/FAR/2081-82/LOC/764

श्रीमान् नगरप्रमुखज्यू,
माडी नगरपालीका,
नगरकार्यपालिकाको कार्यालय, चितवन ।

विषयः लेखापरीक्षण प्रतिवेदन।

१. कैफियत सहितको रायः

हामीले त्यस नगरपालिकाको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौं।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०८२ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत एवं वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानीय सञ्चित कोषको वार्षिक आर्थिक विवरण त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरूसमावेश भएको स्थानीय तहको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन तथा प्रचलित कानुनबमोजिम सारभूत रूपमा सही र यथार्थ अवस्था चित्रण गर्दछ।

२. कैफियत सहितको राय व्यक्त गर्ने आधार

२.१. महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचामा वित्तीय विवरण तयार गर्नुपर्नेमा यस पालिकाले तयार गरेको वित्तीय विवरणमा अन्तरसरकारी अख्तियारी तर्फ र नगरअस्पताल तर्फको कारोबार समावेश गरेको छैन।

२.२. नगरपालिकाको आय र व्यय तर्फ रु. २ अर्ब १३ करोड १ लाख ५३ हजारको लेखापरीक्षणबाट रु. १ करोड ३२ लाख २ हजार बेरुजु देखिएकोमा प्रतिक्रियाबाट रु. ९८ लाख ५७ हजार समपरीक्षण भई असुल गर्नुपर्ने रु. १ लाख २२ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. १ लाख २९ हजार, नियमित गर्नुपर्ने रु. २९ लाख ५९ हजार र पेश्की रु. १ लाख ३५ हजार गरी जम्मा रु. ३३ लाख ४५ हजार बाँकी रहेको छ। गत वर्षसम्म कायम बेरुजु रु. ४८ करोड १४ लाख ७४ हजार रहेको मध्ये रु. ६ हजार संपरीक्षण र यस बर्षको लेखापरीक्षणबाट रु. ३३ लाख ४५ हजार थप भई हालसम्म अद्यावधिक बेरुजु रु. ४८ करोड ४८ लाख १३ हजार रहेको छ। बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।

२.३. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले नगरपालिकाको पेस्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन। हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं। लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

३. अन्य बेहोराः

लेखापरीक्षणबाट ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, स्थानीय वित्त व्यवस्थापन, सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, शासकीय प्रवन्ध, स्रोत सुनिश्चितता र बजेट व्यवस्थापन र विकास प्रशासन र सोको कार्यान्वयन, अनुदान वितरण तथा अनुगमन, सेवा प्रवाह, स्थानीय प्रशासन, जवाफदेहिता र सुशासन लगायतका विषयमा सुधार गर्नुपर्ने देखिन्छ।

४. वित्तीय विवरण उपर व्यवस्थापन र लेखा उत्तरदायी अधिकृतको जिम्मेवारीः

नेपाल सार्वजनिक क्षेत्र लेखामानबमोजिम सही र यथार्थ हुने गरी वित्तीय प्रतिवेदन तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय प्रतिवेदन सारभूतरूपमा गलत आँकडारहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी स्थानीय सरकारमा रहेको छ। नगरप्रमुख र प्रमुख प्रशासकीय अधिकृत नगरपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

५. वित्तीय विवरणको लेखापरीक्षणउपर लेखापरीक्षकको जिम्मेवारीः

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आँकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रूपमा गलत आँकडा मानिएको छ ।

(घनश्याम काफ्ले)
नायब महालेखापरीक्षक

बेरुजु वर्गीकरण

चालु वर्षको बेरुजु

प्रारम्भिक बेरुजु			प्रतिक्रियाबाट सम्परीक्षण			प्रतिक्रियाबाट थप बेरुजु रकम	बाँकी बेरुजु			बेरुजु						
										असुल गर्नु पर्ने	नियमित गर्नुपर्ने					पेस्की
दफा संख्या		रकम	दफा संख्या		रकम		दफा संख्या		रकम	असुल गर्नु पर्ने	अनियमित भएका	प्रमाण कागजात पेश नभएका	जिम्मेवारी नसारेका	सोधभर्ना नलिएका	जम्मा	पेस्की
सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती			सैद्धान्तिक	लगती								
६१	६०	१,३२,०१,८७८	०	३८	९८,५७,०७७	०	६१	२२	३३,४४,८०१	१,२२,४८५	२९,५७,८२९	१,२८,६३७	०	०	३०,८६,४६६	१,३५,८५०

अद्यावधिक बेरुजू स्थिति

जिल्ला	गत वर्ष सम्मको बाँकी	समायोजन	यो वर्ष सम्परीक्षण	बाँकी बेरुजु	यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु	यो वर्षको बेरुजु	कुल बेरुजु बाँकी
चितवन	४८,१४,७३,९८६		६,३७५	४८,१४,६७,६११	०	३३,४४,८०१	४८,४८,१२,४१२

बेरुजु सम्परीक्षणको विवरण

क्र.सं	आर्थिक वर्ष	बेरुजुको दफा	बेरुजुको व्यहोरा	सम्परीक्षण भएको रकम
१	२०८१/८२	३१	मूल्य अभिवृद्धि करः	५०,५९,६०१
२	२०८१/८२	६४	बैठक भत्ताः	१,२०,२७५
३	२०८१/८२	५५	बढी तलव निकासाः	७९,५८७
४	२०८१/८२	४२	प्रदेश समपूरक अनुदानबाट बढी खर्चः	३७,८७,४८१
५	२०८१/८२	५४	निशुल्क पाठ्यपुस्तकः	५६,२६७
६	२०८१/८२	२५	धरौटी फिर्ताः	४,८९,०४१
७	२०८१/८२	५२	दिवा खाजा कार्यक्रमः	२,६४,८२५

८	२०८०/८१	५८	काज तथा भ्रमणको दिन बैठक भत्ता	६,३७५
जम्मा				९८,६३,४५२

माडी नगरपालिका, चितवन

(८०३३१४०३३००)

माडी नगरपालिका , चितवन

परिचय

१ **परिचय**

(क) कार्यालय परिचय :- स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस पालिकाको स्थापना भएको हो। स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सहअस्तित्व र समन्वयलाई प्रवर्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ। यस पालिका अन्तर्गत ९ वडा, ४९ सभा सदस्य, २१८.५२ वर्ग किलोमिटर क्षेत्रफल तथा महिला २०,२२० र पुरुष १८,०७५ गरी जम्मा ३८,२९५ जनसंख्या (राष्ट्रिय जनगणना २०७८ अनुसार) रहेको छ।

(ख) लेखापरीक्षणको उद्देश्य :- लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८१/८२ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :- यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, वित्तीय व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८१/८२ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८२।७।२४ देखि २०८२।७।२७ सम्म रहेको छ ।

(घ) लेखापरीक्षण विधि :- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका बेहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका बेहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

(ङ) लेखापरीक्षणको सीमा :- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनोट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका बेहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

(च) आर्थिक कारोबारको स्थिति :- नगरपालिकाको आय – व्ययतर्फ रु. २ अर्ब १३ करोड १ लाख ५३ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

(छ) लेखापरीक्षणमा परीक्षण गरिएका मुख्य विषयहरु :- लेखापरीक्षण योजना अनुसार परीक्षण गरिएका विषयहरु अनुसूची – २ मा

संलग्न छ ।

(ज) लेखापरीक्षणको क्रममा असुली :- लेखापरीक्षणको क्रममा निम्नानुसारको रु. १,७७,१०६ असुल भई दाखिला भएको प्रमाण पेश भएको छ ।

सि.नं	विवरण	रकम रु.
१	सामाजिक सुरक्षा भत्ता	६,७१०
२	सामाजिक सुरक्षा भत्ता	१,७०,३९६

२ **एकीकृत आय व्यय**

नगरपालिकाले पेश गरेकोआर्थिक वर्ष २०८१।८२ को एकीकृत आर्थिक विवरण देहायअनुसार रहेका छ ।

सि.नं	आयतर्फ		सि.नं	व्ययतर्फ	
	विवरण	रकम रु		विवरण	रकम रु
१	**गत वर्षको जिम्मेवारी**	**३३७४११५०.८७**	१	**चालु खर्च**	**५१७४१९९०८.९२**
	क) बैंक (संचित कोष)	१८४६७९५९.७४	२	**पुँजीगत खर्च**	**२५८५७९४५२.१७**
	ख) धरौटी	१२४४५३९५.२७	३	**विषयगत निकायको खर्च**	**२१२१०७१७९**
	ग) आकस्मिक कोष	३१८६१७.७१		क) स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम	३९१३९२१
	घ) प्रकोप व्यवस्थापन कोष	८८०२.०७		ख) सामाजिक सुरक्षा	२०७७०८२९९
	ङ) विविध खाता	२५००३७६.०८		ग) कानुन मन्त्रालय (सामाजिक विकास कार्यक्रम)	४८४९५९
२	**राजस्व (आन्तरिक आय)**	**३०५२३७४२३.६३**	४	**अनुदान फिर्ता**	**३६२०३८३५.८४**
	क) आन्तरिक राजस्व	९८३६३४६८.६		क) संघीय अनुदान फिर्ता	३२०५३१४०.७४
	ख) राजस्व बाँडफाँड	२०६८७३९५५.०३		ख) प्रदेश अनुदान फिर्ता	४१५०६९५.१
	ग) अन्य आय		५	**कोष खाता खर्च**	**४७८३५१८**
३	**वित्तिय हस्तान्तरण संघ**	**४६७४२३७१८.८९**		क) आकस्मिक कोष	०
	क) वित्तीय समानीकरण अनुदान	१११३०४८८०		ख) प्रकोप व्यवस्थापन कोष	५७८०००
	ख) सशर्त अनुदान	३३२८१७०००		ग) विविध खाता	४२०५५१८.२५
	ग) समपूरक अनुदान	८७८६०३०	६	**धरौटी फिर्ता**	**८४९९६०४.५९**
	घ) विशेष अनुदान	१४५१५८०८.८९	७	**मौज्दात**	**८८७०७०८९.८५**
४	**प्रदेश सरकारबाट प्राप्त अनुदान**	**८१६९३४०३.५**		क) बैँक मौज्दात	६०५६७८७७.१३
	क) वित्तीय समानीकरण अनुदान	१२३१६०००		ख) धरौटी मौज्दात	१५०८४०५४.०३
	ख) सशर्त अनुदान	३९८४३०००		ग) आकस्मिक कोष	३१८६१७.७१
	ग) समपूरक अनुदान	२४९७४३९७.५		घ) प्रकोप व्यवस्थापन कोष	५४३०८०२.०७
	घ) विशेष अनुदान	४५६०००६		ङ) विविध खाता	७३०५७३८.९१
५	**विषयगत निकायबाट प्राप्त**	**२१२१०७१७९**			
	क) स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम	३९१३९२१			
	ख) सामाजिक सुरक्षा	२०७७०८२९९			
	ग) कानुन मन्त्रालय बागमती प्रदेश	४८४९५९			
६	**विभिन्न कोषतर्फको आय**	**१४९५९४४८.८३**			
	क) आकस्मिक कोष	०			
	ख) प्रकोप व्यवस्थापन कोष	६००००००			
	ग) विविध खाता	८९५९४४८.८३			
७	**धरौटी आय**	**१११३८२६३.३५**			

	जम्मा	१,१२,६३,००,५८८.०७	जम्मा	१,१२,६३,००,५८८.०७

लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

३ **न्यायिक समितिको कार्यसम्पादनः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ का दफा ४६ देखि ५३ सम्ममा न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरिएको छ । सो ऐन अनुसार, समितिमा दर्ता भएका मेलमिलाप प्रकृतिका उजुरीहरू दर्ता भएको मितिदेखि तीन महिनाभित्र टुंगो लगाउनुपर्ने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार, गत वर्ष फस्यौंट वा कारबाही किनारा गरी टुंगो लगाउन बाँकी ६२ वटा उजुरी रहेकोमा चालु आर्थिक वर्षमा थप १६२ उजुरी दर्ता भएका छन् । तीमध्ये ११९ वटा उजुरी फस्यौंट भई ४३ वटा फस्यौंट हुन बाँकी रहेको देखिन्छ । बाँकी उजुरीमध्ये ११ वटा मेलमिलाप हुन नसकेको र ३० वटा मेलमिलाप प्रक्रियामा रहेको पालिकाले जनाएको छ । न्यायिक समिति सञ्चालनका लागि रु. २७,००,०००.०० बजेट विनियोजन भएकोमा, ३९ वटा न्यायिक समिति बैठक, एउटा मेलमिलापकर्ताको तालिम तथा ३ वटा अन्तरक्रिया कार्यक्रम सञ्चालनमा रु. १६,९७,०००.०० खर्च भएको देखिन्छ । बाँकी फस्यौंट हुन बाँकी मुद्दाहरू समयमा टुंगो लगाई ऐनले तोकेको समयसीमा भित्र न्यायिक कार्य सम्पन्न गर्नुपर्दछ ।

४ **कानुन निर्माण र कार्यान्वयनको स्थितिः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट नमूना कानुनहरु बनाई उपलब्ध गराएकोमा पालिकाले हालसम्म ३० ऐन, ६ नियम, ६ निर्देशिका, ५७ कार्यविधि र ५७ अन्य विविध कानुन समेत १५३ वटा कानुन निर्माण गरी कार्यान्वयनमा ल्याएको छ । राजपत्रमा प्रकाशित उक्त कानुनहरु पुर्ण रुपमा कार्यान्वयनमा ल्याउनुपर्दछ ।

५ **सहकारी अनुगमनः**

सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार प्रत्येक सहकारी संस्थाले मासिक, चौमासिक र वार्षिक प्रतिवेदन सम्बन्धित निकायमा बुझाउनुपर्ने व्यवस्था छ । सहकारी नियमावली, २०७५ को नियम २८(४) तथा सहकारी संस्थाहरूको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ बमोजिम प्रत्येक सहकारी संस्थाले मासिक प्रतिवेदन प्रत्येक महिना ७ गतेभित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) मा दाखिला गर्नुपर्ने व्यवस्था गरिएको छ । पालिकाले उपलब्ध गराएको विवरण अनुसार पालिका भित्र रहेका ४३ सहकारी संस्थाहरूमध्ये ११ सहकारी निष्क्रिय रहेका छन् । सक्रिय ३२ सहकारी संस्थाहरूमध्ये ७ वटा वचत तथा ऋण सहकारी संस्था, २ वटा बहुउद्देश्यीय सहकारी संस्था र २२ वटा कृषि सहकारी संस्थाहरू रहेका छन् । तिनका सदस्य संख्या, शेयर पूँजी, बचत, ऋण लगानी र जगेडा कोषको विवरण तल उल्लेख गरिएको छ ।

सहकारी संस्थाको किसिम	सहकारी संख्या	सदस्य संख्या	शेयर पूँजी (रु.)	बचत (रु.)	ऋण लगानी (रु.)	जगेडा कोष (रु.)
बचत तथा ऋण सहकारी संस्था लि.	७	६१८९	२९८१५८००	१८१७९२३५९	२१४२६८५७०	१६५४१९८०
बहुउद्देश्यीय सहकारी संस्था लि.	२	२७१८	७९७७६७०	९४५७४४६८	१२२२००८२०	११५६९३५३
कृषि सहकारी संस्था लि.	२२	८५१५	७४१४३१३७	४४२०६१३५५	८७१५०४२५०	८९४८७८८९
अन्य	१	६४०	४८२६८००	३३६६६८६१	३७२६०१३८	०
जम्मा	३२	१८,०६२	११,६७,६३,४०७	७५,२०,९५,०४३	१,२४,५२,३३,७७८	११,७५,९९,२२२

पालिका भित्रका सक्रिय ३२ सहकारी संस्थाहरूमध्ये २४ सहकारी संस्थाले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) को पासवर्ड प्राप्त गरेका छन् भने तीमध्ये ५ वटा सहकारी संस्थाले मात्र विवरण दाखिला गरेका छन् । निष्क्रिय ११ सहकारी संस्थाको सदस्य संख्या, शेयर पूँजी, बचत तथा ऋण लगानी सम्बन्धी विवरण प्राप्त हुन सकेको छैन । सहकारी संस्थाहरू निष्क्रिय रहनुका मुख्य कारणहरूमा सहकारी स्थापनाकालमा सहकारी शिक्षाको अभाव, नियमित बैठक नहुनु, नियामक निकायबाट नियमित अनुगमन नहुनु, सदस्यहरूमा कानूनी सचेतनाको कमी, सहकारी संस्थाको आवश्यकता र दिगोपनाबारे पर्याप्त विश्लेषण नगरी केवल अनुदान प्राप्त गर्ने उद्देश्यले दर्ता गरिनु आदि समावेश छन् । यस कारण सहकारी संस्थाहरू प्रभावकारी रूपमा सञ्चालन हुन नसकेको पालिकाले जनाएको छ । अतः, ऐन, नियमावली र निर्देशिका अनुसार सबै सहकारी संस्थाहरूलाई प्रणालीमा विवरण दाखिला गर्न प्रोत्साहित गर्नुपर्ने र सोको प्रभावकारी अनुगमन गर्न आवश्यक देखिन्छ । साथै, सहकारीहरूको क्षमता अभिवृद्धि, सचेतना विकास, अनुगमन तथा सहजीकरणका माध्यमबाट सहकारी संस्थाहरूलाई प्रभावकारी रूपमा सञ्चालन हुने वातावरण तयार गर्नुपर्ने देखिन्छ ।

६ **योजनाा प्राथमिकीकरणः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहले योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथामिकीकरणका आधारहरू गरिवी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो विकास, वातावरण संरक्षण र भाषिक तथा सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथामिकता आधारमा योजना छनोट गर्नुपर्ने व्यवस्था छ। पालिकाले आर्थिक वर्ष २०८१।८२ मा पुँजीगततर्फ ९ वडाको लागि निम्नानुसार २९४ वडागत र ४४ पालिकास्तरका गरी कुल ३५८ योजनामा बजेट विनियोजन गरेको छ । सो मध्ये २ योजना कार्यान्वयन भएको छैन् ।

क्र.स	योजनाको प्रकार	योजना संख्या	रु.५ लाखभन्दा कम	रु.५ लाख देखि २० लाख सम्मका योजना संख्या	रु.२० लाख भन्दा माथिका योजना संख्या
१	पालिकास्तरीय	४४	२७	२४	२२
२	वडास्तरीय	२९४	२६१	२४	०
जम्मा	जम्मा	३५८	२८८	४८	२२

उपर्युक्त विवरण अनुसार पालिकाले साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ । जसले गर्दा सञ्चालित योजनावाट दीर्घकालिन प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ । पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनोट गरी प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ ।

७ **अनुदानको अनुगमनः**

सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ । पालिकाले देहायका पशुसेवा तथा कृषि कार्यक्रमबाट विभिन्न कृषि समुहहरुमा सामान वितरण तथा निर्माण कार्यको लागी रु. १,४५,६०,५४६.०० खर्च गरेको छ । यस वर्ष वितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलब्धी मापन गरेको छैन । गत विगत वर्षमा दिएको अनुदानको अभिलेख र उपलब्धिको समेत मापन गरेको देखिएन । अनुदान मागदाबीको सुचना प्रवाह नभएको, छनोटको आधार तय नभएको साथै वडाको सिफारिस बमोजिम वितरण गरेको देखिन्छ । अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय नगरी अनुदान उपलब्ध गराएको छ । तसर्थ अनुगमनलाई प्रभावकारी बनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने सुनिश्चित गर्नुपर्दछ । अनुदान दिएको रकमको अभिलेख राख्नुपर्ने, छनोटको आधार तय गरी पारदर्शि रुपमा वितरण गरी सदुपयोगको सुनिश्चतता प्रतिवेदन समेत तयार गर्नुपर्दछ ।

सि.नं.	कार्यक्रमको नाम	लाभग्राही/ फर्म/ कृषक	मुल्याङ्कन रकम (रु.)	योगदान रकम (रु.)
	पशुसेवा तर्फ			
१	बाख्राश्रोत केन्द्र कार्यक्रम	३कृषि फर्म	१९३६९४	९७३०२
२	गाईभैसीपालन असल अभ्यास कार्यक्रम	३कृषि फर्म	४८२८९६	२४२५५८
३	पशुपालनप्रवर्द्धन कार्यक्रम माडी न पा ८	४कृषि फर्म	४२१०६४	२१०५३२
४	बाख्राप्रवर्द्धन कार्यक्रम माडी न पा ७	४कृषि फर्म	३१७१४२	१५८५७१
५	भैसीप्रवर्द्धन कार्यक्रम माडी न पा २	२कृषि फर्म	११८८३१४	७४४१५७
६	हरियोघाँस विस्तार कार्यक्रम	१०कृषि फर्म	३२३२३६	२७०७४६
७	दुधमाआधारित प्रति लि रु ४ अनुदान कार्यक्रम	९३१जना कृषक		६६३४२१६
८	कृत्रिमगर्भाधान सुत्करी भत्ता	४९जना कृषकका ५४ वटा पशुवस्तु		५४०००
९	माछाप्रवर्द्धन कार्यक्रम माडी ६	७समुहलाई	१५६७४१४	७८५९२७
१०	माछाप्रवर्द्धन कार्यक्रम	१३समुह	१६८६८२४	६२६७१५
११	कृत्रिमगर्भाधान सुत्करी भत्ता	४९जना कृषकका ५४ वटा पशुवस्तु		५४०००
१२	विमाअनुदान कार्यक्रम	१७४जना कृषक को ८१५ पशु र ४३३२० माछा		३७०४७१
	जम्मा		६१८०५८४	१०२४९१९५
	कृषितर्फ	आवद्ध संस्थाको नाम		
१३	मागमाआधारित कृषि कार्यक्रम	९कृषि फर्म तथा समुह	७०५११९	३५३२३८
१४	एकहोमस्टे/फार्मस्टे एक टनेल कार्यक्रम	३होमस्टे	५५६४१९	१६७३९६
१५	तरकारीप्रवर्द्धन कार्यक्रम माडी न.पा.३	७कृषि समुह	१४१५८३७	४६७१९२
१६	फलफूलखेती प्रवर्द्धन कार्यक्रम माडी न.पा.८	४ कृषि फर्म	१५१८०३२	७५९०१६
१७	भूमिगतडीप बोरिङ्ग सञ्चालन भई हालसम्म पाइपलाइनिङ नभएका स्थानमा बोरिङ्गबाट पाइपलाइनिङ कार्यक्रम	११कृषि सहकारी	३९४९६२०	४०५९७७
१८	विपन्नआयआर्जन कार्यक्रम	अयोध्यायुवा कृषक समूह	४३००००	२३००००
१९	आ.व.२०८१/८२ मा नयाँ धानवाली पकेट बिकास कार्यक्रम	जागरणकृषक समूह	११८१५२१	४०२१८५
२०	आ.व.२०८१/८२ मा नयाँ मकैवाली पकेट बिकास कार्यक्रम	समताकृषक समूह	१५४०८८३	४१९५२३
२१	खाद्यान्नबालीको उन्नत बीउ उपयोगमा अनुदान कार्यक्रम तथा उन्नत बीउ वितरक प्रोत्साहन अनुदान कार्यक्रम	गर्दीमहिला साना किसान कृषि सहकारी संस्था लि.		११२८२५
२२	खाद्यान्नबालीको उन्नत बीउ उपयोगमा अनुदान कार्यक्रम तथा उन्नत बीउ बीतरकलाइ प्रोत्सहानअनुदान कार्यक्रम	८ सहकारी संस्था		९९४०००
	जम्मा		११२९७४३१	४३११३५२
	कुलजम्मा			१,४५,६०,५४७

८ स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कनः

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क सङ्कलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक स्रोत अन्तर्गत खानी, जंगल तथा अन्य स्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कन सहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन। स्थानीय तहका प्राथामिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको सङ्कलन र अभिलेख राख्ने कार्य गर्नपर्दछ।

९ रकमान्तरः

स्थानीय सरकार सञ्चानल ऐन, २०७४ को दफा ७३ मा खर्च गर्ने अख्तियारी र कार्यविधि सम्बन्धमा उल्लेख छ । साथै सोही नियमको उपनियम ७ बमोजिम कार्यपालिकाले सभाबाट स्वीकृत सीमा र शीर्षक बाहिर गई खर्च गर्न नपाउने उल्लेख छ । त्यस्तै आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३३ अनुसार विशेष कारण तथा परिस्थिति बाहेक कुनै बाध्यात्मक अवस्थामा मात्र रकमान्तर गर्नुपर्ने व्यवस्था रहेको छ । यस पालिकाले ऐन तथा नियमावलीको व्यवस्था अनुसार रकमान्तर गर्नुपर्ने कारण तथा अवस्था उल्लेख नगरी ८३ योजनाको रु. ३,०४,००,७०९.०० घटाइ १२५ योजनामा बढाई रकमान्तर गरेको छ। आर्थिक वर्षको बिचमा रकमान्तर गरी आर्थिक वर्षको अन्तमा खर्च गर्दा नागरिकको अपेक्षा अनुसार काम नहुने र आर्थिक अनुशासन कायम नहुने संभावना हुन्छ । रकमान्तर भएमा कार्यक्रम तथा आयोजना र रकमको उदाहरण निम्नानुसार छ ।

घटाउने

क्र.सं.	बजेट उपशीर्षक	कार्यक्रम/आयोजना/ क्रियाकलापको नाम	बजेटको स्रोत/तह	रकम
१	८०३३१४०३१०१	विपद व्यवस्थापन	आन्तरिक स्रोत	५०,००,०००.००
२	८०३३१४०३१०१	थारुजाती भाषा संस्कृती जगेर्ना कार्यक्रम तथा ब्रम्हस्थान संरक्षण	आन्तरिक स्रोत	५,००,०००.००
३	८०३३१४०३१०१	अमिलिया शिविर टोल नाला निर्माण	राजस्व बाँडफाँट - संघीय सरकार	३,००,०००.००
४	८०३३१४०३१०१	कर दाखिला तथा अन्य फिर्ता	आन्तरिक स्रोत	५,००,०००.००
५	८०३३१४०३१०१	चिताईखोला तटबन्धन ब्रह्मथान क्षेत्र	राजस्व बाँडफाँट - प्रदेश सरकार	२,००,०००.००
६	८०३३१४०३१०१	न्यायिकसमितिको कार्यक्रम तथा व्यवस्थापन खर्च	राजस्व बाँडफाँट - प्रदेश सरकार	९,३७,२००.००
७	८०३३१४०३१०१	मरोठखोला कुलोको हेड बक्स मर्मत तथा लाईनिंग साथै भुषाल खोला संरक्षण	राजस्व बाँडफाँट - प्रदेश सरकार	४,००,०००.००
८	८०३३१४०३१०१	चिरौली क्लब घर शौचालय निर्माण	राजस्व बाँडफाँट - संघीय सरकार	२,००,०००.००
९	८०३३१४०३१०१	पारिश्रमिक कर्मचारी स्थायी	राजस्व बाँडफाँट - संघीय सरकार	१०,००,०००.००
१०	८०३३१४०३२०१	गोद्वक महिला दुग्ध सहकारी संस्था कार्यालय व्यवस्थापन	नेपाल सरकार	५०,०००.००
			८३ योजनाको जम्मा रकम	३,०४,००,७०९.००

बढाउने

क्र.सं.	बजेट उपशीर्षक	कार्यक्रम/आयोजना/ क्रियाकलापको नाम	बजेटको स्रोत/तह	रकम
१	८०३३१४०३१०१	विपद व्यवस्थापन	आन्तरिक स्रोत	५०,००,०००.००
२	८०३३१४०३१०१	थारु कल्याणकारी सभाको कार्यालय निर्माण तथा कम्पाउण्डिङ	आन्तरिक स्रोत	५,००,०००.००
३	८०३३१४०३१०१	न्यायिक समिति र मेलमिलाप कर्ता बीच अन्तक्रिया कार्यक्रम	राजस्व बाँडफाँट - प्रदेश सरकार	१,००,०००.००
४	८०३३१४०३१०१	नगर तथा वडा संयोजक संचार खर्च	राजस्व बाँडफाँट - प्रदेश सरकार	४०,०००.००
५	८०३३१४०३१०१	मेलमिलापकर्ता पुनर्ताजगी तालिम	राजस्व बाँडफाँट - प्रदेश सरकार	५,००,०००.००
६	८०३३१४०३१०१	क्रसरमा ढुवानी	राजस्व बाँडफाँट - संघीय सरकार	१०,००,०००.००
७	८०३३१४०३१०१	नगर मेलमिलाप केन्द्र र वडा मेलमिलाप केन्द्र सञ्चालनको लागि मसलन्द खर्च	राजस्व बाँडफाँट - प्रदेश सरकार	६०,०००.००
८	८०३३१४०३१०१	मेलमिलाप मार्फत विवाद व्यवस्थापन खर्च	राजस्व बाँडफाँट - प्रदेश सरकार	२,३७,२००.००
९	८०३३१४०३१०१	आर्थिक सहायता	आन्तरिक स्रोत	५,००,०००.००

१०	८०३३१४०३१०१	चिरौलीक्लब घर शौचालय तथा अन्य पूर्वाधार निर्माण	राजस्व बाँडफाँट - संघीय सरकार	२,००,०००.००
			१२५ योजनाको जम्मा रकम	३,०४,००,७०९.००

१० **बजेट तथा कार्यक्रम तर्जुमाः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

११ **त्रैमासिक पुँजीगत खर्चः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ र ३६ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण बनाई समिक्षा गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपलब्ध गराएको विवरण अनुसार त्रैमासिक पुँजीगत खर्चको स्थिति देहाय बमोजिम छ ।

बजेट उपशिर्षक	कुल खर्च (रु.)	त्रैमासिक खर्च (रु.)				आषाढ महिनाको खर्च (रु.)
		प्रथम	दोस्रो	तेश्रो	चौथो	
पुँजीगत खर्चतर्फ	२५,८५,७९,४५२	२,४१,५०,०४७	१,२९,८२,८२६	४,२०,९९,६९१	१७,९३,४६,८८९	१०,१२,५४,२७५
प्रतिशत	१००	९.३४	५.०२	१६.२८	६९.३६	५६.४६

पालिकाले उपलब्ध गराएको विवरण अनुसार, पुँजीगततर्फ चालु आर्थिक वर्षमा रु. २५,८५,७९,४५२ खर्च भएकोमा प्रथम त्रैमासिकमा रु. २,४१,५०,०४७ (९.३४ प्रतिशत), दोस्रो चौमासिकमा रु. १,२९,८२,८२६ (५.०२ प्रतिशत), तेस्रो त्रैमासिकमा रु. ४,२०,९९,६९१ (१६.२८ प्रतिशत) र चौथो त्रैमासिकमा रु. १७,९३,४६,८८९ (६९.३६ प्रतिशत) खर्च भएको देखिन्छ । त्यसै गरी आषाढ महिनामा मात्र रु. १०,१२,५४,२७५ (५६.४६ प्रतिशत) खर्च भएको देखिनुले आर्थिक बर्षको अन्त्यमा खर्चको अत्यधिक चाप परेको तथा पालिकाको खर्च व्यवस्थापन सन्तुलित नभएको देखिन्छ । स्वीकृत कार्यक्रम अनुसार त्रैमासिक रूपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्छ । वर्षान्तमा हतारमा काम गराउँदा कार्यको गुणस्तरमा असर पर्ने भएकाले, सम्बन्धित कानुनी प्रावधान अनुसार आषाढ महिनामा हुने अत्यधिक खर्चको परिपाटीमा नियन्त्रण गर्न आवश्यक देखिन्छ ।

१२ **क्षेत्रगत बजेट र खर्चको स्थितिः**

पालिकाले एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्दछ । यस पालिकाको २०८१।८२ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

क्र.स	क्षेत्र	बजेट (रु.)	खर्च (रु.)	खर्च प्रतिशत	कुल खर्च मध्ये खर्च प्रतिशत
१	आर्थिक विकास	७,२३,६७,५९०.३४	५,४५,६१,३१६.३८	७५.३९	७.०३
२	पूर्वाधार विकास	२१७०५६६२४.३२	१७३८३३८१६.१२	८०.०९	२२.४
३	सामाजिक विकास	४२,८७,७७,९००.००	३८,३२,६७,८६५.३८	८९.३९	४९.३९
४	सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र	२,००,२०,३०४.००	१,५२,३८,८०४.३३	७६.१२	१.९६
५	अन्य कार्यालय सञ्चालन तथा प्रशासनिक	२३,०९,८५,९४०.६८	१४,९०,९७,५५८.३३	६४.५५	१९.२१
जम्मा		९६,९२,०८,३५९.३४	७७,५९,९९,३६०.५४	८०.०६	१००

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सुशासन तथा अन्तरसम्बन्धित क्षेत्रमा सबैभन्दा घटी १.९६ प्रतिशत र सामाजिक विकासमा सबै भन्दा बढी ४९.३९ प्रतिशत रहेको छ । पालिकाको वस्तुस्थिति र आवश्यकता पहिचान गरी सो अनुसार बजेट विनियोजन तथा खर्च गर्नुपर्दछ ।

१३ **बजेट सीमा निर्धारण समितिः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्राथिमिकीकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समिति गठन गरेको छैन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।

१४ **बजेट पेश, पारित र अख्तियारीः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । पालिकाको उपप्रमुखले मिति २०८१।३।१० मा रु. ९६ करोड ९२ लाख ८ हजारको बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०८१।३।३० मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले मिति २०८१।४।६ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।

१५ **तलवी प्रतिवेदनः**

निजामती सेवा ऐन २०४९ को दफा ७ ख (२), स्वास्थ्य सेवा ऐन, २०५३ को दफा ८क (५) तथा बागमती प्रदेश स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन,२०७९ को दफा ६९(५) मा तलवी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ | पालिकाले यस वर्ष तलवी प्रतिवेदन पारित नगराई संघीय सरकारबाट हस्तान्तरित चालु अन्तर्गत स्वास्थ्यतर्फ ३७ कर्मचारीको रु. २,७२,३७,९६७।०० र पालिका तर्फ २७ कर्मचारीको रु. १,७९,१५,२४५।०० समेत रु. ४,५१,५३,२१२।० खर्च तलब लेखेको छ । तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्दा पाउने भन्दा बढी तलब भुक्तानी हुन सक्ने तथा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर तलब भत्ता भुक्तानी गर्नुपर्दछ ।

१६ **प्रशासकीय संगठन र जनशक्ति व्यवस्थापनः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकतालाई ध्यानमा राखी कर्मचारी समायोजनपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम गर्ने व्यवस्था गरिएको छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित कुल १९६ दरबन्दी रहेकोमा १५५ पदपूर्ति भई ४१ पद रिक्त रहेका छन् । पदपुर्ती भएका पदहरूमध्ये ८७ पद करार सेवाबाट पूर्ति गरिएको छ ।

सि.नं.	दरबन्दी विवरण	संघीय मामिलाबाट स्वीकृत	स्वास्थ्य मन्त्रालयबाट स्वीकृत	जि.वि.स.	पालिकाबाट स्वीकृत	कार्यक्रम	जम्मा
१	दरबन्दी	६०	५०	७	५६	२३	१९६
२	पदपूर्ती	३५	४३	७	४९	२१	१५५
३	रिक्त	२५	७	०	७	२	४१
४	स्थायी पदपूर्ती	२८	३९	१	-	-	६८
५	करार पदपूर्ती	७	४	६	४९	२१	८७

पालिकाले संगठन तथा व्यवस्थापन (O&M) सर्वेक्षण गरी मिति २०८१/०३/३० मा सभाबाट दरबन्दी स्वीकृत गरी प्रदेश निजामती किताबखानामा मिति २०८१/०४/१३ मा दर्ताका लागि पठाएकोमा हालसम्म दर्ता प्रक्रिया पूरा नभएको पालिकाले जनाएको छ । निजामती किताबखानामा दर्ता नभएको कारण नयाँ दरबन्दी अनुसार स्थायी पदपूर्तिका लागि प्रदेश लोक सेवा आयोगबाट पदपूर्ति हुन नसकेको अवस्था छ । अतः स्वीकृत दरबन्दीहरू प्रदेश निजामती किताबखानामा दर्ता गराई रिक्त पदहरूमा स्थायी पदपूर्ति गरी जनशक्ति व्यवस्थापन गर्न आवश्यक देखिन्छ ।

१७ **लक्ष्य प्रगति :**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ (१) बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले अनुसूचि २ बमोजिमको ढाँचामा त्रैमासिक प्रगति विवरण तयार गर्नुपर्दछ । पालिकाको कुल ३५८ कार्यक्रम तथा योजना मध्ये शुन्य प्रगति भएको २ वटा र ७५ प्रतिशत भन्दा बढि प्रगति भएको ३५६ वटा योजना रहेका छन् । लक्ष्य अनुसार प्रगति हुने गरी कार्यक्रम संचालन गर्नुपर्दछ । पालिकाबाट प्राप्त विवरण अनुसार कुल योजना मध्ये वार्षिक प्रगति स्थिति निम्नानुसार छ

कार्यक्रम/ योजना	कुल कार्यक्रम	वार्षिक प्रगति स्थिति				
		शून्य प्रगति	२५% सम्मप्रगति	५०% सम्म प्रगति	७५% सम्म प्रगति	७५% भन्दा बढि प्रगति
कार्यक्रम संख्या	३५८	२	०	०	०	३५६

१८ **आन्तरिक नियन्त्रण प्रणालीः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ बमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ । पालिकाले त्यस्तो प्रणाली तयार गरी लागू गरेको पाईएन। यस सम्बन्धमा देखिएका केही व्यहोराहरु देहायबमोजिम रहेका छन:

- एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको अनुसूची -११ बमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाइएन,
- कार्यक्रमगत तथा योजनागत खाता राखेको पाइएन,
- यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्वयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार गरेको पाइएन,
- भ्रमण खर्च नियमावली, २०६४ को नियम २१ बमोजिम भ्रमण अभिलेख खाता र नियम १८ बमोजिम भ्रमण प्रतिवेदन नराखेको,

- अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा तयार गरेको पाइएन,
- वडा कार्यालयमा रहेका जिन्सी समान अभिलेख पालिकाको मूल जिन्सी खातामा अधावधिक नगरेको ,
- कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख नराखेको ,
- कुनै रकम भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित नगरेको,
- ठेक्काहरुको विस्तृत विवरण देखिने गरि ठेक्का अभिलेख खाता र कन्टिन्जेन्सी खाता राखेको पाइएन।
- सार्वजनिक खरिद नियमावली ,२०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण नगरेको,
- सञ्चालित योजनाको सूचना पाटीमा आय-व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांश पालना नभएको ,
- वातावरण संरक्षणको एकिकृत दीर्घकालिन योजना तयार नगरेको,
- सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली, २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय नगरेको,
- बागमती प्रदेश स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ को दफा ८ वमोजिम अनूसुची -५ को ढाँचामा कर्मचारीको कार्यविवरण तयार गरी लागु नगरेको,
- वडामा सिफारिस दस्तुर लिदा सिफारिस दस्तुरको चलानी रजिष्टर समेत भिडाई राजश्व दाखिला रकम एकिन गर्नुपर्नेमा चलानी रजिष्टर पेश नभएको,
- प्रदेश आर्थिक ऐन, २०८१ को दफा ९ बमोजिम ढुङ्गा,चुनढुङ्गा, खरिढुङ्गा गिट्टि , ग्राभेल, रोडा , बालवा (स्वीकृत खानी क्षेत्र बाहेक) को प्रतिघनफिट रु.७ का दरले शुल्क पालिकाको आर्थिक ऐनमा समेत व्यवस्था गरी असुल गर्नुपर्नेमा उपभोक्ता समितिबाट निर्माण काममा प्रयोग भएको उक्त सामग्रीको मुल्याङ्कन भएको परिमाण बराबरको रकम असुल गरेको देखिएन।
  अतः आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्दछ ।

१९ **योजना प्राथमिकीकरणः**

दफा ६ सँग दोहोरो परेकोले हटाईएको

२० **सेवा प्रवाहः**

स्थानिय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार नगरपालिकाले सेवाहरु पालिकावासीलाई प्रदान गर्दछ। आफ्नो कार्यक्षेत्र भित्रका नागरिकता सिफारिस, घरबाटो सिफारिस, नाता प्रमाणित, जन्म दर्ता, मृत्यु दर्ता, विवाह दर्ता, बसाईसराई, विद्युत मिटर सिफारिस, निःशुल्कको लागी सिफारिस लगायत अन्य विभिन्न सेवा प्रवाहको विवरण अद्यावधिक गरी अभिलेखिकरण गरिनुपर्दछ। पालिकाबाट प्रवाहित सेवाहरुको विवरण निम्नानुसार रहेको छ।

विवरण	जम्मा
पञ्जीकरण तर्फ	
जन्म दर्ता	९४५
मृत्यु दर्ता	३०६
बसाईसराई दर्ता (आउने २४२ र जाने २९१)	५३३
विवाह दर्ता	३६७
सम्बन्ध विच्छेद दर्ता	६८

पालिकाबाट प्रदान हुने सेवा लिन आएको अवस्थामा बाहेक पनि जनचेतनामा वृद्धि एवं प्रचारप्रसार गरी पंजिकरण तर्फ घटना पश्चात अनिवार्य दर्ता गराउन जागरुक गराउनुपर्दछ ।

२१ **खर्च बिश्लेषणः**

पालिकामा यस वर्ष कुल आन्तरिक आयबाट रु. ९,८३,६३,४६८.६, राजस्व बाँडफाँटबाट रु. २०,६८,७३,९५५.०३, संघ र प्रदेश अनुदानबाट रु. ५४,९१,१७,१२२.३९, तथा गत वर्षको जिम्मेवारी रु. ३,३७,४१,१५०.८७ समेत कुल आम्दानी रु. ८८,८०,९५,६९६.९० (विषयगत निकाय बाहेक) भएकोमा चालुतर्फ रु. ५१,७४,१९,९०८.९२ र पुँजीगततर्फ रु. २५,८५,७९,४५२.१७ समेत रु. ७७,५९,९९,३६१.०९ खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा १२.६८ प्रतिशत रहेको छ । यस वर्ष पदाधिकारी सुविधामा रु. १,०९,७७,०५८.५० खर्च भएको छ जुन आन्तरिक आयको ११.१५ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँटको रकमबाट ६६.६८ प्रतिशत चालु र ३३.३२ प्रतिशत पुँजीगत खर्च भएको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिक रुपमा पूर्वाधार निर्माणमा परिचालन गर्नुपर्दछ ।

२२ **फोहरमैला व्यवस्थापनः**

फोहरमैला व्यवस्थापन ऐन, २०६८ अनुसार स्थानीय तहले स्रोतमै फोहरमैला वर्गीकरण गराई सोही आधारमा फोहर सङ्कलन तथा व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ। पालिकाले फोहरमैला व्यवस्थापनका लागि रु. १०,२२,९०४ खर्च गरेकोमा सोही अवधिमा रु. ७२,००० (७.०४%) मात्र आम्दानी गरेको पाइयो, जसले खर्चको तुलनामा आम्दानी अत्यन्त न्यून रहेको देखिन्छ। आम्दानी तथा खर्चको विवरण निम्नानुसार छ ।

तलब (रु.)	ईन्धन (रु.)	मर्मत (रु.)	जम्मा (रु.)	आय (रु.)	आय व्यय अनुपात
७१८९५६	३०३९४९	नखुलुको	१०२२९०४	७२०००	७.०४ %

फोहरमैला व्यवस्थापनका लागि घरधनी सदस्यता वितरण, सेवाशुल्क निर्धारण तथा असुली प्रणाली व्यवस्थित रूपमा कार्यान्वियन गर्न पालिकाले नसकेकोले अपेक्षित राजस्व संकलन हुन सकेको छैन। अतः बजार क्षेत्रबाट फोहरमैला सेवाशुल्क नियमित असुल गर्ने व्यवस्था मिलाउने, फोहर संकलन तथा व्यवस्थापन कार्य प्रतिस्पर्धात्मक तवरले ठेकेदारमार्फत संचालन गर्ने, स्रोतमै फोहोर वर्गिकरण गर्ने, रिसाइकल सामग्रीमा रूपान्तरण गरी आय वृद्धि गर्ने तथा खर्च नियन्त्रणका उपाय अपनाई फोहरमैला व्यवस्थापनमा दक्षता अभिवृद्धि गर्नुपर्ने देखिन्छ ।

२३ **सम्पत्तिको प्राप्ति उपयोग र संरक्षणः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ अनुसार घर जग्गा तथा सम्पत्तिको लगत राख्नुपर्ने व्यवस्था रहेको छ। सार्वजनिक प्रकृतिको जग्गा प्रयोग गर्न उपलब्ध गराउने सम्वन्धि मापदण्ड, २०७७ को दफा ३ मा सरकारी विद्यालय, सरकारी स्वास्थ्य केन्द्र वा सरकारी अस्पताल वा सरकारी प्रयोजनका लागि जग्गा आवश्यक भई त्यस्तो स्थानमा सरकारी जग्गा नरहेको वा भएपनि प्रयोग गर्न उपर्युक्त नरहेको कारण त्यस्तो स्थानमा रहेको सार्वजनिक प्रकृतिको जग्गा प्रयोग गर्न उपर्युक्त र आवश्यक देखिएमा नेपाल सरकारले प्रयोग गर्न स्विकृति दिन सक्ने व्यवस्था रहेकोमा पालिकाले सरकारी सम्पत्तिको अभिलेख तयार नगरेकोले एकीकृत जिन्सी तथा सम्पत्ति अभिलेख तथार गर्नुपर्दछ ।

२४ **आर्थिक सहायता** -

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । पालिकाले विपद व्यवस्थापन तर्फ विभिन्न २१ जना व्यक्तीहरुलाई राहत वितरणको लागी रु. ५,९१,०००।०० खर्च गरेको छ । त्यसैगरी पालिकाले यो वर्ष मापदण्ड र कार्यविधि तयार नगरी १०५ व्यक्तिहरुलाई रु. १६,७८,३१०।०० आर्थिक सहायता वितरण गरेको छ। । वितरित सहायताको औचित्य पुष्ट्याई हुने गरी यस्तो खर्चमा मितव्ययिता कायम गर्नुपर्दछ ।

२५ **धरौटी फिर्ताः** (२५/2081-07-14):

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ६६(१) अनुसार कार्यालयमा जम्मा भएको धरौटी नियम ६५ बमोजिम दाखिला नहुने अवस्थामा सम्बन्धित व्यक्तिले फिर्ता पाउने व्यवस्था छ। त्यस्तै, सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२४(२) बमोजिम निर्माण व्यवसायी, आपूर्तिकर्ता तथा सेवाप्रदायकले आन्तरिक राजस्व कार्यालयबाट जारी कर समायोजनको प्रमाण उपलब्ध गराएपछि मात्र रिटेन्सन मनी फिर्ता दिनुपर्ने व्यवस्था रहेको छ। नगरपालिकाले देहाय अनुसारका फर्महरूलाई कर समायोजनको प्रमाण पेश नगरी धरौटी रकम फिर्ता गरेको पाइयो। कर समायोजन तथा आय विवरणका आवश्यक कागजात बिना गरिएको यस्तो भुक्तानी नियमविपरीत भएको र कर छली हुने संभावना रहने हुँदा सम्बन्धित फर्महरूबाट कर समायोजनको प्रमाण पेश गर्नुपर्ने रु.

सि.नं.	भौ नं. र मिति	निर्माण व्यवसायी	धरौटी फिर्ता रकम (रु.)
१	१५-०८१।।६।८	पाठक कन्स्ट्रक्सन एण्ड सप्लायर्स	१६१३६.३७
२	२१-०८१।६।२१	शोमेश्वर कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा लि	६८४७०.८२
३	२५-०८१।७।१४	आन्वी कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि	४४०२९.६८
		जम्मा	१,२८,६३६.८७

(..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२६** को निर्णयले रू **३१४,८६०.११** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२६** को निर्णयले रू **१७४,१८०.९३** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

प्रमाण पेश नगरेको	१,२८,६३६.८७

२६ **इन्धन खर्चः**

सार्वजनिक खर्चको मापदण्ड कार्यविधि र मितव्ययिता सम्बन्धि निर्देशिका, २०७५ को बुदा नं.७ बमोजिम कार्यालयले सवारी साधन सुविधा पाउने पदाधिकारी तथा कर्मचारीहरुलाई इन्धन उपलव्ध गराउँदा तह अनुसार मासिक रुपमा पाउने डिजेल/पेट्रोल (लिटर) र त्रैमासिक रुपमा पाउने मोविल तथा ब्रेक आयल (लिटर) को कोटा निर्धारण गरी भुक्तानी पर्ने तथा अन्य सवारीसाधनहरुको इन्धन खर्च सम्बन्धमा लगबुक तथा मेसिनको मिटर रिडिङ्ग समेतको कार्यालयले सोको लगत अद्यावधिक गराई राख्नुपर्ने उल्लेख छ। कार्यालयले यो बर्ष इन्धन खर्च शिर्षकबाट रु.१,८६,७९,०७४.००र कन्टेन्जेन्सी खर्च समेतबाट इन्धन खर्च भुक्तानी गरेको छ। कार्यालयमा रोलर १

थान, ट्रिपर ३ थान, ग्रेडर १ थान, ट्याक्टर ६ थान, दमकल १ थान, ब्याकह्वो लोडर २ थान र एक्साभेटर १ थान, चार पाँग्रे सवारी साधन ३ थान तथा १८ थान दुईपाँग्रेसवारी साधनहरु रहेको देखियो । पालिकाले सञ्चालन गरेको क्रसरबाट उत्पादित ढुंगा, गिट्टी, बालुवा तथा ग्राभेल बिक्रीबाट चालु आर्थिक वर्षमा रु. ४,३९,७९,६०५।०० आम्दानी भएको देखिन्छ। चारपाङ्ग्रे **सवारीसाधनको** सुविधा पाउने पदाधिकारी २ जना मात्र रहेकोमा सवारीसाधनको सुविधा पाउने पदाधिकारी तथा अन्य सवारी साधनमा प्रयोग भएको इन्धनको एकीकृत अभिलेख राखेको छैन । महालेखा नियन्त्रक कार्यालयबाट इन्धन खर्च सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (PAMS) मा प्रविष्टी गर्नुपर्ने भनी निर्देशन गरेकोमा प्रविष्टी गरेको पाईएन । प्रचलित कानूनी व्यवस्थाको पालना गरी PAMS मा प्रविष्टि गरी खर्च गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

क्र.सं.	कार्यक्रम/ आयोजना/ क्रियाकलापको नाम	खर्च शीर्षक	स्रोत	विनियोजन (रु.)	खर्च (रु.)
१	कार्यालय प्रयोजनका लागि प्रयोग हुने इन्धन, लुब्रिकेट खर्च	२२२१२	राजस्व बाँडफाँट - संघीय सरकार	२००००००	२००००००
२	हेभिइक्युपमेन्ट इन्धन एवम लुब्रिकेन्ट सम्बन्धि खर्च	२२२२१	राजस्व बाँडफाँट — स्थानीय	१५००००००	४६०००००
३	हेभिइक्युपमेन्ट इन्धन एवम लुब्रिकेन्ट सम्बन्धि खर्च	२२२२१	आन्तरिक स्ोत	९४५५००	४५५००
४	हेभिइक्युपमेन्ट इन्धन एवम लुब्रिकेन्ट सम्बन्धि खर्च	२२२२१	राजस्व बाँडफाँट - संघीय सरकार	१४०५४५००	१२०३३५७४
	जम्मा			३,२०,००,०००	१,८६,७९,०७४

२७ **सम्पत्ति व्यवस्थापन :**

सम्पत्ती व्यवस्थापन सम्बन्धमा देखिएका व्यहोरा देहायबमोजिम छन्—

(क) सम्पत्ति हस्तान्तरण : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ बमोजिम विषयगत कार्यालयका चल–अचल सम्पत्ति, दायित्व तथा अभिलेख ती कार्यालयहरू समाहित भएका स्थानीय तहमा स्वतः हस्तान्तरण हुने व्यवस्था छ। यद्यपि नगरपालिकाले हस्तान्तरण भएका जग्गा, भवन तथा अन्य सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता असार मसान्तभित्र तयार गरी प्रतिवेदन पेश गर्नुपर्ने व्यवस्था भएकोमा सो अभिलेखीकरण गरेको छैन । यसरी जिन्सी मालसामान आम्दानी नजनाउँदा सम्पत्ति हिनामिना हुने जोखिम रहन्छ। अतः खरिद गरिएका सम्पत्तिहरू सम्बन्धित जिन्सी खातामा समयमै आम्दानी जनाई अभिलेख अद्यावधिक गर्नुपर्दछ ।

(ख) सरकारी तथा सार्वजनिक जग्गा संरक्षण, उपयोग तथा हक हस्तान्तरण : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७ बमोजिम पालिकाले आफ्नो क्षेत्रभित्रका सरकारी, सामुदायिक तथा सार्वजनिक सम्पत्तिको रेखदेख, मर्मत–सम्भार र संरक्षण गर्नुपर्ने स्पष्ट व्यवस्था छ। तर पालिकाले सार्वजनिक सम्पत्तिको मर्मत–सम्भार तथा संरक्षणसम्बन्धी अभिलेख राखेको पाइएन। सार्वजनिक जग्गाको विवरणसमेत व्यवस्थित अभिलेख नभएकोले जग्गा अतिक्रमण भएको–नभएको एकीन गर्नसमेत कठिनाइ भएको छ। त्यसैले पालिकाले आफ्ना सम्पत्तिका संरक्षण, मर्मत–सम्भार तथा अभिलेख व्यवस्थापनमा आवश्यक सुधार गर्नुपर्ने देखिन्छ।

(ग) जिन्सी सम्पत्तिको सुरक्षा : आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ तथा प्रचलित कानुनअनुसार प्रत्येक कार्यालयले आफ्नो स्वामित्वअन्तर्गत रहेका सम्पत्तिको लेखाङ्कन, संरक्षण र उपयोगको जिम्मेवारी सम्बन्धित कार्यालय प्रमुख वा जिम्मेवार निकायको हुन्छ। महालेखा परीक्षक कार्यालयले २०७६/२/१५ मा स्वीकृत गरेको Chart of Account बमोजिम सम्पत्तिको लेखाङ्कन हुने व्यवस्था छ। साथै, २०७७ साउनदेखि महालेखा नियन्त्रकको कार्यालयले सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (PAMS) लागू गरेको छ।

तर पालिकाले वार्षिक रूपमा भौतिक परीक्षण नगरेको, आवधिक रूपमा परीक्षण भएका जिन्सी सामानहरूका प्रतिवेदन अनुसार लिलामी प्रक्रिया अघि नबढाएको, कर्मचारी सरुवाका समयमा भण्डार स्वीकृतिपत्र अनिवार्य प्रस्तुत गराउनु पर्ने प्रक्रियालाई पालना नगरेको, वैदेशिक सहयोग वा ठेक्का सम्झौताबाट प्राप्त सम्पत्तिहरू अभिलेखमा अद्यावधिक नगरेको, जिन्सी अभिलेखका लागि तोकिएका मलेप

फाराम ४०१ देखि ४१८ सम्म प्रयोग नगरेको जस्ता कमीकमजोरी देखिएका छन्। जिन्सी आम्दानी तथा खर्च व्यवस्थापन व्यवस्थित र भरपर्दो बनाउनु पर्दछ ।

(घ) मालसामानको गुणस्तर : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५ बमोजिम आपूर्ति गरिएका मालसामान सम्झौतामा उल्लिखित प्राविधिक स्पेसिफिकेशन तथा गुणस्तरअनुसार भएको/नभएको निरीक्षण वा परीक्षण गरिनुपर्ने व्यवस्था छ। निरीक्षण/परीक्षण गर्ने निकाय वा समितिले परीक्षणपछि स्वीकृत तथा अस्वीकृत मालसामानको नाम, परिमाण, स्पेसिफिकेशन, परीक्षण नतिजा आदि खुलाउने गरी प्रतिवेदन तयार गर्नुपर्छ। तसर्थ मालसामानको प्रकृतिअनुसार तुलनात्मक तालिका तथा परीक्षण सूची (checklist) सहितको निरीक्षण प्रतिवेदन प्राप्त गरी मात्र मालसामान दाखिला तथा भुक्तानी गर्ने व्यवस्था मिलाउनुपर्छ।

२८ वित्तीय विवरण विश्लेषण

कार्यालयले पेश गरेको वित्तीय विवरण सम्बन्धमा देखिएको बेहोरा देहायअनुसार रहेको छ ।

२८.१ **एकिकृत वार्षिक प्रतिवेदन** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले २०७९।८।२० मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ। पालिकाले उपलव्ध गराएको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०-०१) अनुसूचीमा संलग्न छः

(विस्तृत विवरण बेरूजु दफा २८.१ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

२८.२ **वित्तीय विवरणको यथार्थताः** पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) तयार गर्नुपर्छ । पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु. २०,७७,०८,२९९.००, स्वास्थ्य क्षेत्र सुधार कार्यक्रमको रु. ३९,१३,९२१.०० र कानुन मन्त्रालय बागमती प्रदेश तर्फको रु. ४,८४,९५९.०० समेत गरी रु. २१,२१,०७,१७९.०० सुत्रमा लेखाङ्कन गरेको जनाए तापनि प्राप्ति तथा भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदनमा देखिदैन । जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन ।

२८.३ **फरक जिम्मेवारीः** पालिकाले आफ्नो कारोबारको जिम्मेवारी भिडान गरी हिसाब यकिन गर्नुपर्दछ । नगरपालिकाले तयार गरेको एकिकृत आर्थिक विवरणमा गत वर्ष रु.३,२६,१९,०६३.०० मौज्दात रहेकोमा यो वर्ष रु. ३,३७,४१,१५०.८७ जिम्मेवारी सारेको छ । जस अनुसार गत बर्षको आर्थिक विवरणमा उल्लेख भएको भन्दा रु. ११,२२,०८९.८७ बढी जिम्मेवारी सारेको देखिन्छ । सुत्र, एकीकृत आयव्यय तथा बैंक मौज्दात एकीन गरी वास्तविक मौज्दात जिम्मेवारी सार्नुपर्दछ ।

२८.४ **बैंक हिसाव विवरणः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ अनुसार पालिकाको कारोबार, आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरणअनुसार लेखाङ्कन र बैङ्क हिसाब मिलान विवरण (म.ले.प.फा.नं.२१२) तयार गरी हिसाब भिडान समेत गर्नुपर्दछ । पालिकाको सुत्रको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं. २७०-०१) मा मौज्दात रु. ८,८७,३८,५२२.१० देखिएकोमा टिप्पणी ६.३ बैङ्क हिसाव विवरणको श्रेस्ता अनुसार रु. ८,८६,०७,०८९.८५ तथा बैंक मौज्दात रु.९,११,३५,९४४.६४ मौज्दात देखिन्छ । नगरपालिकाको संचित कोष खातामा श्रेस्ता भन्दा बैंकमा रु. २५,२८,८५४.७९ बढी देखिन्छ । वर्षान्तमा स्रेस्ता र बैङ्क मौज्दात देहायअनुसार छ।

	टिप्पणी ६.३ श्रेस्ता तथा बैक मौज्दातको विवरण			
सि.नं.	बैंकको नाम	खाताकोप्रकार	श्रेस्ताअनुसार बाकी रु	बैंकअनुसार बाकी रु
१	कृषि विकास बैंकलिमिटेड	ग१.१, आन्तरिक राजस्व खाता	०	०
२	कृषि विकास बैंकलिमिटेड	ग१.२, बाँडफाँडबाट प्राप्त राजस्व खाता	०	०
३	कृषि विकास बैंकलिमिटेड	ग१.३, आन्तरिक अनुदान खाता	०	०
४	कृषि विकास बैंकलिमिटेड	ग२.२, चालू खर्च खाता- जोर वर्ष	०	०
५	कृषि विकास बैंकलिमिटेड	ग२.४, पुँजीगत खर्च खाता- जोर वर्ष	०	०
६	कृषि विकास बैंकलिमिटेड	ग३.१, स्धानीय तह धरौटी खाता	१,४९,८४,०५४.०३	१,४९,८४,०५४.०३
७	कृषि विकास बैंकलिमिटेड	ग४.१, स्थानीय तह सञ्चित कोष खाता	६,०५,६७,८७७.१३	६,३०,९६,७३१.९२
८	कृषि विकास बैंकलिमिटेड	ग५.१, स्थानीय तह विविध कोष खाता	७३,०५,७३८.९१	७३,०५,७३८.९१
९	कृषि विकास बैंकलिमिटेड	ग७.१, स्थानीय तह आकस्मिक कोष खाता	३,१८,६१७.७१	३,१८,६१७.७१
१०	कृषि विकास बैंकलिमिटेड	ग७.२, स्थानीय तह प्रकोप व्यवस्थापन कोष खाता	५४,३०,८०२.०७	५४,३०,८०२.०७
११	जम्मा		८,८६,०७,०८९.८५	९,११,३५,९४४.६४

२८.५ **मौज्दातः** पालिकाको सुत्र प्रणालीको टिप्पणी नं. ६.३ मा श्रेस्ता तथा बैंक मौज्दात विवरण अनुसार मौज्दात रु. ८,८६,०७,०८९.८५ देखिएकोमा एकीकृत आय-व्ययमा रु. ८,८७,०७,०८९.८५ देखिएकोले रु.१,००,०००.०० फरक छ । पालिकाको बैंक मौज्दात फरक फरक देखिएकोले बास्तविक मौज्दात सम्बन्धमा एकीन गरी हिसाब मिलान गर्नुपर्दछ।

२८.६ **दायित्व बाँकीः** पालिकाले सबै दायित्व वर्षान्तमा फरफारक गर्नुपर्दछ । पालिकाले तयार गरेको वित्तीय प्रतिवेदन (म.ले.प.फा.नं २७०) अनुसार वर्षान्तमा गरिएका विभिन्न भुक्तानीहरुमा कट्टी गरेको कर लगायतको रकम दाखिला गर्न बाँकी रु.३१,४३२.२५ देखाएको छ। एकिन भई सकेको दायित्व लेखापरीक्षण अवधिसम्म पनि दाखिला गरेको पाइएन । अत: उक्त रकम सम्बन्धित खातामा दाखिला गर्नुपर्ने रु.

२९ **कर तथा शुल्क असुलीः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा बहाल कर, व्यवसाय कर र बहाल बिरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । यस बर्ष रु. ९,८३,६३,४६८.६ राजस्व आम्दानी भएकोमा राख्न पर्ने मलेप फारम नराखेको, प्राप्त राजस्व परीक्षण भिडान गर्ने आन्तरिक नियन्त्रण पद्धति नभएकोले प्राप्त हुनुपर्ने राजस्व सम्बन्धमा एकिन हुनुपर्दछ । नगरपालिकाको आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको छ ।

क.सं.	राजस्व संकेत	आम्दानी शीर्षक	अनुमान (रु.)	असुली (रु.)
१	११३१३	सम्पती कर	२००००००	१२०५७९०९
२	११३१४	भुमिकर/ मालपोत	०	२५,४०७.००
४	११३१७	बहाल कर	२०,००,०००.००	३५,११,७२७.४०
५	११३१८	बहालविटौरी कर	२०,००,०००.००	१,२७,४५०.००
६	११४५१	सवारी साधनकर (साना सवारी)	१,००,०००.००	१२,०००.००
७	११६३१	कृषि तथा पशुजन्य वस्तुको व्यावसायिक कारोवारमा लाग्ने कर	२००००००	१७०१८४१.९८
८	११६९१	अन्य कर	१०,००,०००.००	२,८८,१५०.००
१०	१४२१८	विद्युतसेवा शुल्क	०	४५००
११	१४२१९	अन्य सेवाशुल्क तथा बिक्री	४,७१,००,०००.००	४,३९,७९,६०५.००
१२	१४२२१	न्यायिकदस्तूर	५०,०००.००	३१,६१०.००
१३	१४२२४	परीक्षाशुल्क	५०,०००.००	२५,८००.००
१४	१४२२९	अन्यप्रशासनिक सेवा शुल्क	१०,००,०००.००	२,८५,५००.०
१५	१४२४२	नक्सापासदस्तुर	३०,००,०००.००	२,७८,७९१.४९
१६	१४२४३	सिफारिशदस्तुर	५०,००,०००.००	४८,७२,९४१.००
१७	१४२४४	व्यक्तिगतघटना दर्ता दस्तुर	७,००,०००.००	६,८९,६००.००
१८	१४२४५	नाताप्रमाणित दस्तुर	४,००,०००.००	३,६१,३००.००
१९	१४२४९	अन्यदस्तुर	०	५,४२,७३९.००
२०	१४२५३	व्यावसायरजिष्ट्रेशन दस्तुर	२०,८४,३५९.३४	३,३२,०००.००
२१	१४१२९	अन्य निकायबाट प्राप्त लाभांश	०	३०००
२२	१४१५१	सरकारी सम्पत्तिको बहालबाट प्राप्त लाभांश	४२१०००००	२७८८००७४.७३
२३	१४२४१	पार्किङ शुल्क	०	३०००
२४	१४५२९	अन्य राजस्व	०	१,५००.००
२५	१४६११	व्यवसाय कर	०	१०,५४,०००.००
२६	१५१११	बेरूजु	०	५२,१७५.००
२७	१५११२	निकासा फिर्ता	०	२२००००
२८	१५११३	अनुदान फिर्ता	०	१००४७
जम्मा			१२,८६,०४,३५९.३४	९,८३,६३,४६८.६

पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन । तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायरामा ल्याउनु पर्दछ ।

३० **सामाजिक सुरक्षा भत्ता सम्बन्धमा देखिएका बेहोराहरुः**

३०.१ सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को परिच्छेद ७ मा भत्ता प्राप्त गर्ने व्यक्तिको विवरण स्थानीय तहले सम्बन्धित सभामा पेश गर्नुपर्ने र स्थानीय तहले सञ्चालन गरेको कार्यक्रमको चौमासिक वा वार्षिक रुपमा समीक्षा गर्दा सामाजिक सुरक्षा भत्ता कार्यक्रममा

भएको निकासा तथा खर्चको पनि समीक्षा गर्नुपर्ने उल्लेख छ । साथै स्थानीय तहको कार्यालयले लाभग्राहीको नाम, दर्ता, तथा नवीकरण प्रकृया, भत्ताको दर, प्राप्त हुने बैंकद्धरा लाभग्राहीले पूरा गर्नुपर्ने प्रकृया जस्ता भत्ता सम्बन्धी जानकारी स्थानीय सामाजिक संघ संस्था, गैरसरकारी संस्था, सामाजिक परिचालनमा संलग्न संस्था समेतको सहयोग लिएर अनिवार्य रुपमा प्रचार प्रसार गर्नुपर्ने र त्यस्ता विषय सम्बन्धी सूचना स्थानीय एफ.एम. लगायतका सञ्चार माध्यमहरुबाट प्रचार प्रसार गर्ने व्यवस्था मिलाउनुपर्ने र भत्ता प्राप्त गर्ने लाभग्राहीको नाम नामावली सम्बन्धित स्थानीय तहको वेभसाइटमा राखे व्यवस्था मिलाउनुपर्नेमा सो व्यवस्थाको पालना गरेको पाइएन। कार्यविधिको पालना गरी भत्ता वितरणमा पारदर्शीता कायम गर्नुपर्दछ।

३०.२ सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा २७ बमोजिम नेपाल सरकारको संघीय मामीला तथा सामान्य प्रशासन मन्त्रालयले नियमित, केन्द्रीय पञ्जीकरण विभागले बिशेष सूचक बनाइ तथा जिल्ला समन्वय समितिको कार्यालयले भत्ता वितरण कार्य प्रक्रियाको निरीक्षण तथा अनुगमन गर्नुपर्ने व्यवस्था भएतापनि यस वर्ष सम्बन्धित निकायले कार्यविधि अनुसार अनुगमन तथा निरीक्षण गरेको पाइएन । त्यस्तै सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा ९ मा सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चलान गर्न नियमित रुपमा अनुगमनको व्यवस्था तोकेको छ । पालिकाले कसैले दोहोरो हुनेगरी र सरकारी सुविधा लिने ब्याक्तीले भत्ता लिए नलिएको सम्बन्धमा अनुगमन गरेको देखिएन । सामाजिक सुरक्षा भत्ताको दुरुपयोग हुन नदिन पालिका स्तरीय अनुगमन संयन्त्रलाई प्रभावकारी बनाउँदै तोकिए बमोजिम भत्ता वितरण र लगत अद्यावधिक गर्ने कार्यमा ध्यान दिनुपर्ने देखिन्छ ।

३०.३ सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा ११ बमोजिम लाभग्राहीको मृत्यु भएमा, एकल महिलाले विवाह गरेमा, बालबालिका को उमेर ५ वर्ष पुगेमा, बैंकबाट वितरण भएकोमा लगतार एकवर्ष खाता निष्क्रिय भएमा, समाजिक सुरक्षा भत्ता पाउने व्यक्ति बसाई सरी अन्यत्र गएमा र अयोग्य व्यक्तिको भत्ता प्राप्त गरेको प्रमाणित भएमा, स्थानिय तहको वडा कार्यालयमा ३५ दिनभित्र घटना दर्ता गराएमा वा कुनै लाभग्राही घटना दर्ता नगराएको अवस्थामा स्थानीय तहका वडा अध्यक्ष, वडा सदस्य, वडा सचिव वा कार्यरत कर्मचारीहरुले घटना भएको जानकारी पाएमा सत्यतथ्य बूझी वडा कार्यालयबाट लगत कट्टा गर्नुपर्ने व्यवस्था छ । लेखापरीक्षणको क्रममा केही वडाहरुको सामाजिक सुरक्षा भत्ता पाउनेहरुको विवरण नमूना छनौट गरी परीक्षण गर्दा विगत आ.व मै मृत्यु भै सकेका तथा बसाई सराई गरेका व्यक्तिहरुको खातामा समेत निकासा भएको देखिएको र लेखापरीक्षणको क्रममा बैँकबाट फिर्ता ल्याई बेरुजु खातामा दाखिला भएकोले पालिकाले समेत यस्ता विवरणहरूको एकिन गरी सामाजिक सुरक्षा भत्ता वितरण कार्यलाई प्रभावकारी बनाउनुपर्दछ।

३०.४ सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधिको दफा २६(३) मा एक आर्थिक वर्षमा एकपटक पनि रकम नझिकेका लाभग्राहीको विवरण सेवा प्रदायक बैंकबाट अनुसूची-११ बमोजिमको ढाँचामा प्राप्त गरी त्यस्ता लाभग्राहीका सम्बन्धमा स्थानीय तहले आवश्यक छानविन गरी कुनै लाभग्राहीको मृत्यु भएको वा कुनै कारणले भत्ता प्राप्त गर्न योग्य नभएको पाईएमा सम्बन्धित बैंकबाट लगत कट्टा हुने मितिसम्मको रकम सम्बन्धित हकवालालाई भुक्तानी गरी सो मिति भन्दा पछिको रकम फिर्ता गरी संघीय सञ्चित कोषमा दाखिला गर्नुपर्ने उल्लेख छ । यस बर्ष लगत कट्टा तथा बैंकमा लाभग्राहीलाई पठाएको भत्ता परीक्षण गर्दा लगत कट्टा समयमा नभएकाले लगत कट्टा पश्चात बढि निकासा भएको रु. ६८,१८६।०० असुल फिर्ता गरी संघीय संचित कोषमा दाखिला गर्नुपर्ने रू..

वडा नं.	लक्षित समूह	परिचय नं.	नाम	लगत कट्टाको कारण	लगत कट्टा लागू मिति	लगत कट्टा गरिएको मिति	फिर्ता हुने रकम (रु.)
५	अन्य जेष्ठ नागरिक भत्ता	१९९९०५०६०२१४५	लखरजिया देवी थरुनी	मृत्यु	२०८१-०६-०७	२०८२-०५-३१	३९०६७
९	अन्य जेष्ठ नागरिक भत्ता	२००९०३१४०१६२२	जित बहादुर सुनार	मृत्यु	२०८१-११-२८	२०८२-०१-०९	४१३८
५	अन्य जेष्ठ नागरिक भत्ता	२००९०२०४०१५७५	दिर्पा कुमारी घर्ति	मृत्यु	२०८१-०६-०१	२०८१-०७-०९	३८६७
५	अति अशक्त अपाङ्गता भत्ता	२०२२०९२०००२६६	भोजराज अर्याल	मृत्यु	२०८१-१०-३०	२०८२-०५-२९	१०६४०
१	अन्य जेष्ठ नागरिक भत्ता	१९९८०३०२०१९२९	कासी प्रसाद शाह कलवार	मृत्यु	२०८१-११-२५	२०८२-०१-०८	४५५२
२	अन्य जेष्ठ नागरिक भत्ता	१९८२०२०४००३६४	मोती देबी अधिकारी	मृत्यु	२०८२-०२-३०	२०८२-०४-२८	४१२९
५	अन्य जेष्ठ नागरिक भत्ता	१९९१०७२०००६६३	टिका देवी लामिछाने	मृत्यु	२०८१-०९-१६	२०८१-१२-१५	१७९३
जम्मा							६८,१८६

असुल गर्नुपर्ने	६८,१८६

३०.५ सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा ३४ बमोजिम वडा समितिले प्रत्येक चौमासिकमा कम्तीमा एक पटक सामाजिक सुरक्षा कार्यक्रम सम्बन्धमा सार्वजनिक सुनुवाइ गर्नुपर्ने उल्लेख भएतापनि सार्वजनिक सुनुवाइ गरी जनगुनासो सम्बोधन गरेको छैन । कार्यविधिले तोकेको समयमा सार्वजनिक सुनुवाइ गर्नु पर्दछ।

३१ **मूल्य अभिवृद्धि करः**

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२६** को निर्णयले रू **५,०५९,६०१** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

३२ **व्यवसाय करः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ बमोजिम पालिकाले आफ्नो कार्यक्षेत्रभित्र रहेका विभिन्न व्यवसाय सञ्चालन गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनुपर्ने व्यवस्था गरिएको छ । चालु आर्थिक वर्षमा पालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्कबाट रु. ३,३२,०००.०० र व्यवसाय करमार्फत रु. १०,५४,०००.०० सहित जम्मा रु. १३,८६,०००.०० कर सङ्कलन गरेको छ । तर, पालिकाले आफ्नो क्षेत्रभित्र रहेका व्यवसायीहरूको अभिलेख अद्यावधिक गरेको छैन, जसका कारण सङ्कलित व्यवसाय कर यथार्थ मान्न सकिने अवस्था छैन । अतः पालिकाले कार्यक्षेत्रभित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीहरूको अभिलेख अद्यावधिक गरी तिनीहरूलाई करको दायराभित्र ल्याउनुपर्ने देखिन्छ ।

३३ **कर तथा शुल्क असुलीः**

बेरुजु दफा नं.२९ सँग दोहोरो भएकोले हटाईएको छ ।

३४ **आय अनुमानः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था गरिएको छ । पालिकाले पेश गरेको आय-व्यय अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क र दस्तुरबाट रु. १२,८६,०४,३५९.३४ आम्दानी हुने प्रक्षेपण गरेकोमा, आर्थिक वर्ष २०८१/८२ मा रु. ९,८३,६३,४६८.६० मात्र आम्दानी प्राप्त भएको छ, जुन अनुमानको करिब ७६.४ प्रतिशत मात्र हो । पालिकाले अनुमानको तुलनामा न्यून आय प्राप्त गरेकोले, लक्ष्य अनुसार राजस्व सङ्कलन र अन्य स्रोतको पहिचान गरी आयको अनुमान यथार्थपरक बनाउने तथा आन्तरिक आय वृद्धि गर्ने तर्फ ध्यान दिन आवश्यक देखिएको छ ।

३५ **आन्तरिक आयः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयको समेत व्यवस्थापन गर्न सक्ने व्यवस्था गरिएको छ । आर्थिक वर्ष २०८१/८२ मा पालिकाले केन्द्रीय अनुदानबाट रु. ७५,५९,९१,०७७.४२ प्राप्त गरेकोमा, आन्तरिक आय रु. ९,८३,६३,४६८.६० मात्र प्राप्त भएको छ, जुन अनुदान रकमको १३.०१ प्रतिशत मात्र हो । यस आधारमा, पालिकाले आन्तरिक आय सङ्कलनको दायरा विस्तार गरी आन्तरिक आय वृद्धि गर्ने पक्षमा विशेष ध्यान दिनुपर्ने देखिन्छ।

३६ **सुरक्षित आवास कार्यक्रमः**

पालिका भित्रका नागरिकको आवास सुधार गरी नागरिकको मौलिक हक प्रदत्त आवासको अधिकार स्थापित गर्न बसोबास गरेको घरको छाना पराल, खर, स्याउला जस्ता आगो, पानी र हुरीबाट सजिलै प्रभावित हुने र गरिवीको रेखामुनि रहेका नागरिक, विगत देखि बसोबास गरेका वा विपदमा परेका नागरिकको लागि सुरक्षित आवास प्रदान गर्न विगतमा २७३ जनाको सर्भेक्षण गरि सघन शहरी तथा भवन निर्माण आयोजनाले तोकेका लाभग्राही मध्ये २५ जनालाई यो वर्ष पालिकाको लागि विनियोजित रु. ७,००,०००.०० लाख मध्येबाट रु. ६,९७,०६५.५४ लाख खर्च भएको छ। यस सम्बन्धमा देखिएका थप व्यहोरा निम्नानुसार छन् ।

क) सुरक्षित आवास कार्यक्रम सञ्चालन गर्न बागमती प्रदेशको शहरी विकास तथा भवन कार्यालयलाई समेत लाभग्राही छनौट गरि नगरपालिकाले विवरण पठाएको देखिन्छ । यसले गर्दा उक्त कार्यक्रम संघ र प्रदेश दुबैबाट सञ्चालन गर्दा एउटै व्यक्तिले दोहोरो सुविधा पाए नपाएको सम्बन्धमा यकिन गर्नुपर्दछ ।

ख) सुरक्षित नागरिक आवास कार्यान्वयन कार्यविधि, २०७५ (संशोधन समेत) अनुसार लाभग्राहीलाई प्रथम किस्ता ६० प्रतिशत रकम जस्तापाला र काठ खरिद गर्न तथा स्थानीय तहको प्राविधिकबाट जाँचबुझ भएपछि दोस्रो तथा अन्तिम किस्ता उपलब्ध गराउने व्यवस्था छ । पालिकाले यो वर्ष किस्तामा रकम उपलब्ध नगराई कार्य सम्पन्न बिल भरपाईको आधारमा लाभग्राहीको खातामा रकम जम्मा गरेको छ । गरिव र न्यून आय भएका परिवारले पहिले सामान खरिद गरेर ल्याउने र अन्तमा मात्र रकम भुक्तानी पाउने देखिदा वास्तविक गरिव लाभग्राहीले सुरक्षित आवासबाट लाभ पाएको भन्न सकिएन ।

३७ **सफ्टवेयर संचालनः**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३ अनुसार सार्वजनिक निकायले कुनै खरिद कार्य गर्दा आवश्यकताको पहिचान, खरिद विवरण, परिणाम र क्षेत्र एकिन गरी खरिद गर्नुपर्दछ । पालिकाले सिफारिस प्रणाली सफ्टवेयर एक सप्लायर्ससँग मिति २०८१।३। ३ मा सम्झौता गरी रु.३,९५,५०० मा खरिद गरेको छ । सफ्टवेयरको वार्षिक मर्मत सुधारको लागी आगामी दिनमा खर्च नहुने गरी सम्झौता भएको नगरपालिकाले जनाएको छ । उक्त सफ्टवयर संचालनको स्वीकृति र सफ्टवेयर अडिट भएको छैन। यस्ता सफ्टवेयर खरिद प्रयोग र वार्षिक मर्मत सुधारलाई व्यवस्थीत गरी र त्यसको नतिजालाई सेवा प्रवाहसंग आवद्ध गराउने व्यवस्था मिलाउनुपर्दछ।

३८ **क्रसर तथा उपकरण संचालनः**

पालिका भित्र सञ्चालन हुने योजनाहरूका लागि आवश्यक निर्माण सामग्री (ढुंगा, गिट्टी, बालुवा, ग्राभेल आदि) उत्पादन गरी बिक्री गर्न पालिकाले क्रसर सञ्चालन गरेको छ । साथै पालिकाले रोलर १ थान, ट्रिपर ३ थान, ग्रेडर १ थान, ट्र्याक्टर ६ थान, दमकल १ थान, ब्याकह्वो लोडर २ थान र एक्साभेटर १ थान सञ्चालनमा ल्याएको छ । क्रसर तथा उपकरणहरूको आय–व्ययको अवस्था निम्नानुसार छ ।

आय		व्यय	
विवरण	रकम रु	विवरण	रकम रु
सरकारी सम्पत्तिको बहालबाट आय	२,७८,८०,०७४	पारिश्रमिक कर्मचारी	७४,५५,३४९
अन्य सेवा तथा विक्री	४,३९,७९,६०५	इन्धन एवम् लुब्रिकेन्ट	१,२९,७९,०७४
		हेभी इक्युपमेन्ट एवम् क्रसर मर्मत सम्भार (खरिद समेत)	१,६५,१४,७२८
		मुनाफा	३,४९,१०,५२८
जम्मा	७,१८,५९,६७९	जम्मा	७,१८,५९,६७९

आय–व्यय विवरण अनुसार उपकरण भाडाबाट २,७८,८०,०७४ र निर्माण सामाग्री बिक्रीबाट ४,३९,७९,६०५ गरी करिब ७,१८,५९,६७९ आम्दानी भएको देखिन्छ । सोही अवधिमा कर्मचारी पारिश्रमिक, इन्धन तथा मर्मत–सम्भारमा ३,६९,४९,१५१ खर्च भएको छ । खर्चमा मितव्ययिता र आम्दानीमा वृद्धि गरी क्रसर तथा उपकरण सञ्चालनलाई अझ प्रभावकारी बनाउनुपर्दछ ।

३९ लघु उद्यम विकास कार्यक्रमः

गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका, २०७७ अनुसार लघु उद्यमको विकास र प्रवर्द्धनमार्फत गरिबी निवारणमा सहयोग पुर्‍याउने उद्देश्यले स्थानीय तहमा कार्यक्रम कार्यान्वयन हुने व्यवस्था छ। निर्देशिका अनुसार उपलब्ध गराइने प्रविधि तथा सामाग्रीको लागतको कम्तीमा २० प्रतिशत उद्यमी स्वयंले व्यहोर्नुपर्ने व्यवस्था भएपनि सो रकम कार्यालयमा बुझाएको देखिएन। अतः देहायबमोजिम रु. २७,९८० सम्बन्धित व्यक्तिबाट असुल गर्नुपर्ने रु.

मिति/ भौचर	कार्यक्रम	भुक्तानी पाउने	सामानको परिमाण	सामानको दर (रु.)	भुक्तानी रकम (रु.)	योगदान रकम (रु.)
३७४। २०८२।३। २४	सिलाई मेसिन	उधम विकास सहजकर्ता अस्मिता सुवेदी	८	१५,८८०	१२६,४००	२५,२८०
३७४। २०८२।३। २४	इन्टरलक मेसिन	उधम विकास सहजकर्ता अस्मिता सुवेदी	१	१३,५००	१३,५००	२,७००
	जम्मा				१,३९,९००	२७,९८०

असुल गर्नुपर्ने	२७,९८०

४० प्रधानमन्त्री रोजगार कार्यक्रमः

स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूति गराउने तथा साना सामुदायिक पूर्वाधारहरूको विकासमार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ। सो कार्यक्रमलाई व्यवस्थित रूपमा सञ्चालन गर्ने उद्देश्यले प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ जारी गरिएको छ। यस कार्यक्रम अन्तर्गत पालिकाका ९ वडामा १२ योजना सञ्चालन गरी चालू आर्थिक वर्षमा ६६ जनालाई औसत ९१ दिनका दरले जम्मा ५,९८२

दिन रोजगारी उपलब्ध गराई रु.४५,७३,९७६ श्रमिक ज्यालामा खर्च गरिएको देखिन्छ। तर, पालिकाका नियमित योजनाहरू तथा प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजनाहरू छनोट गर्दा छनोटको आधार स्पष्ट नदेखिनुका कारण दुवै कार्यक्रमबीच दोहोरो परे/नपरेको सुनिश्चित हुन सकिएन। योजनामा दोहोरो नआओस् भन्ने हेतुले स्पष्ट मापदण्डका आधारमा योजना छनोट गरी कार्यान्वयन गर्नुपर्छ। उक्त खर्चबाट लक्षित समूहका व्यक्तिहरूलाई अल्पकालीन रोजगारी सिर्जना भएको देखिए पनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिँदैन। अतः, कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्यक्रम सञ्चालन गरी रोजगारीको दीगो प्रभावकारिता सुनिश्चित गर्न आवश्यक छ।

४१ **समानिकरणबाट चालु खर्चः**

वित्तीय समानिकरण अनुदान स्थानीय तहलाई आधारभूत सेवा प्रदान गर्ने तथा पूर्वाधार निर्माणमा खर्च गर्नका लागि प्रदान गरिने अनुदान हो। संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको प.सं. २०७७/७८, च.नं. ५६३ मिति २०७८/३/३० तथा अर्थ मन्त्रालयको प.सं. २०७७/७८, च.नं. १२१ मिति २०७८/३/२७ मा जारी परिपत्रअनुसार, वित्तीय समानिकरण अनुदानको रकम प्रशासनिक खर्चमा प्रयोग गर्न नपाइने स्पष्ट व्यवस्था गरिएको छ। तर, पालिकाले सो व्यवस्था विपरीत वित्तीय समानिकरण अनुदानबाट रु. ३,६६,५२,८१८.५८ बराबरका चालु प्रकारका खर्चहरू गरेको पाइयो। समानिकरण अनुदान मापदण्ड अनुसार खर्च गर्नुपर्दछ । केही उदाहरणहरू देहाय बमोजिम छन्।

आ.व. : २०८१/ ८२ बजेट उपशीर्षक : माडी नगरकार्यपालिका बजेट प्रकार : चालु				
क्र.सं.	कार्यक्रम/आयोजना/क्रियाकलापको नाम	स्रोत	विनियोजन (रु.)	खर्च (रु.)
१	कर्मचारी बिमा तथा औषधी उपचार समेत	नेपाल सरकार - समानिकरण अनुदान	१०,००,०००.००	४०,०००.००
२	टेलिफोन चिठी टिकट लगायत संचार सम्बन्धी खर्च	नेपाल सरकार - समानिकरण अनुदान	१,५०,०००.००	३५,८६०.००
३	संचार महसुल र ईन्टरनेट महशुल	नेपाल सरकार - समानिकरण अनुदान	६,००,०००.००	९६,८४१.००
४	साना सवारीसाधन मर्मत खर्च सर्भिसिङ ब्याट्री ज्याला आदि	नेपाल सरकार - समानिकरण अनुदान	२१,००,०००.००	२०,०६,६८९.५०
५	पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन खर्च	नेपाल सरकार - समानिकरण अनुदान	१५,००,०००.००	१४,८१,५१७.९०
६	कर्मचारी तालिम खर्च क्षमता अभिवृद्धि तलिम	नेपाल सरकार - समानिकरण अनुदान	७,००,०००.००	३,७६,३५५.००
७	क्रसर प्रभावित क्षेत्र सहयोग कार्यक्रम	नेपाल सरकार - समानिकरण अनुदान	४,००,०००.००	३,९९,०००.००
८	विविध कार्यक्रम खर्च	नेपाल सरकार - समानिकरण अनुदान	७,००,०००.००	६,९६,७७५.००
९	नगरस्तरिय योजनाको अनुगमन, मूल्यांकन खर्च	नेपाल सरकार - समानिकरण अनुदान	८,४०,०००.००	८,४०,०००.००
१०	कार्यालय विविध खर्च	नेपाल सरकार - समानिकरण अनुदान	१०,००,०००.००	८,६०,६६३.००
११	घरभाडा विद्युत खानेपानी ईन्टरनेट एबसन्चार खर्च	नेपाल सरकार - समानिकरण अनुदान	१०,००,०००.००	१०,००,०००.००
१२	सवारीसाधन तथा मेशिनर औजार भाडा	नेपाल सरकार - समानिकरण अनुदान	८,००,०००.००	७,४६,९२५.००
१३	प्रारम्भिक बालविकासका लागि पारिश्रमिक थप अनुदान	नेपाल सरकार - समानिकरण अनुदान	७२,९३,०००.००	७२,९२,९९९.५०
१४	बिद्यालय सहयोगी कर्मचारिलाइ थप पारिश्रमिकअनुदान	नेपाल सरकार - समानिकरण अनुदान	२९,१२,०००.००	२६,५९,०७३.५०
१५	विद्युत महशुल	नेपाल सरकार - समानिकरण अनुदान	२,००,०००.००	२,००,०००.००
१६	स्वास्थ्य विमा कार्यक्रम	नेपाल सरकार - समानिकरण अनुदान	३,००,०००.००	३,००,०००.००
१७	ब्रह्मज्योति विद्यालयको लागी ल्यापटप खरिद तथा सि.सि.क्यामरा जडान	नेपाल सरकार - समानिकरण अनुदान	२,००,०००.००	२,००,०००.००

४२ **प्रदेश समपूरक अनुदानबाट बढी खर्चः**

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२६** को निर्णयले रू **३,७८७,४८१** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

४३ **लागत सहभागिताः**

नगरपालिकाको नीतिअनुसार कृषि तथा पशु शाखाबाट सञ्चालन हुने अनुदान कार्यक्रममा २५ प्रतिशत लागत सहभागिता अनिवार्य गराइएकोमा नगरपालिकाले सञ्चालन गरेका विभिन्न कृषि तथा पशु कार्यक्रमहरूमा ५० प्रतिशतसम्म कृषकको लागत सहभागिता राखी कार्यक्रम कार्यान्वियन गर्दै आएको देखिन्छ। तर, सोही प्रकृतिका कार्यक्रम वडा कार्यालयमार्फत सञ्चालन हुँदा शत–प्रतिशत पालिकाकै अनुदान उपयोग गरिएको पाइएकाले समान प्रकृतिका कार्यक्रमहरूको कार्यान्वियनमा पालिका भित्र एकरूपता नअपनाइएको देखिन्छ। अतः नगरपालिकाले नगरस्तर तथा वडा–स्तर दुवैको बजेट कार्यान्वियनमा स्पष्ट नीति मापदण्ड तयार गरी लागत सहभागिताको समान नीति लागू हुनेगरी कार्यक्रम सञ्चालन गर्न आवश्यक छ। सो सम्बन्धमा देखिएका केही उदाहरणहरू देहायमा प्रस्तुत छन्।

भौ.नं.	खरिद विवरण	परिमाण	दर (रु.)	रकम (रु.)	कैफियत
५६-०८१।६।८	बाख्रा खरिद	२२	१६५००	३६३०००	लागत सहभागिता नभएको
	वेल्डिङ मेसिन	२	२३०००		
	Air wrenches gun	१	२४०००		
१०१३-२।१	उन्नत बाख्रा खरिद	८	१०००००	१,००,०००	

४४ **भ्रमण खर्चः**

भ्रमण खर्च नियमावली, २०६४ को नियम ४ मा भ्रमण खर्च किफायती हुनुपर्ने, नियम ६ मा सरकारी कामको सिलसिलामा मात्र भ्रमण हुनुपर्ने, नियम १९ मा दुरीको विवरण राख्नुपर्ने व्यवस्था छ। नगरपालिकाले आर्थिक वर्ष २०८१/०८२ मा रु. २२,६२,३४४।०० भ्रमण खर्च गरेको देखिन्छ । भ्रमण आदेशमा समेत भ्रमणको औचित्य स्पष्ट गरि उद्देश्य अनुसार आवश्यक स्थानमा मात्र खटाउनु पर्नेमा पालिकाको कामसँग असम्बन्धित (जस्तैः बुटवल, इलाम, धनकुटा) तथा अन्य असम्बन्धित स्थानमा काम खटाएको, पालिका भित्र भ्रमण गर्दा दुरी स्पष्ट नगरी भ्रमण आदेश जारी गरेको, कतिपय अवस्थामा औचित्य स्पष्ट नगरि भ्रमण खर्च लेखेको जस्ता बेहोरा देखिएका छन् । भ्रमणलाई उपलब्धीमूलक बनाउन कार्यालयको कामसँग मात्र सम्बन्धित कार्यमा भ्रमण खटाउने र भ्रमणको उद्देश्य स्पष्ट गरेर मात्र भ्रमण खर्च गर्नुपर्ने देखिन्छ ।

४५ **वार्षिक खरिद गुरुयोजनाः**

सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले वार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ । पालिकाले विभिन्न शीर्षक अन्तर्गत यस वर्ष रु. २५,८५,७९,४५२.१७ पुँजीगत खर्च गरेको छ । तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम वार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।

४६ **सवारी मर्मत खर्चः**

बागमती प्रदेशको प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ४५ अनुसार सार्वजनिक जवाफदेही पद धारण गर्ने व्यक्तिले आफ्नो कार्य तथा सोसँग सम्बन्धित सम्पूर्ण वित्तीय कारोबारप्रति जिम्मेवारी र जवाफदेहिता वहन गर्नुपर्ने व्यवस्था छ। नगरपालिकामा रोलर १ थान, ट्रिपर ३ थान, ग्रेडर १ थान, ट्याक्टर ६ थान, दमकल १ थान, ब्याकह्वो लोडर २ थान र एक्साभेटर १ थान, चार पाँग्रे सवारी साधन ३ थान तथा दुईपाँग्रे सवारी साधन १८ वटा लगायत सवारी तथा मेशिनरी साधन रहेका छन्। यस वर्ष सवारी मर्मत खर्च शीर्षकमा निम्नानुसार रु. १,११,१७,७५१.३८ खर्च भएको देखिन्छ। पालिकाले सवारी सञ्चालन तथा मर्मतका गतिविधि व्यवस्थित राख्न म.ले.प. फाराम ९०५ बमोजिम सवारी साधन सञ्चालन लगबुक तथा म.ले.प. फाराम ९०६ बमोजिम मर्मत अभिलेख राख्नुपर्ने व्यवस्था छ। तर अभिलेख अद्यावधिक रूपमा नपाइएको, स्वीकृत मर्मत आदेशअनुसार मर्मत नगराइएको, सबै प्रकारका मर्मत कार्यको विवरण नदेखिनेगरी अभिलेख नहुनु, र एक लाख रुपैयाँभन्दा बढीको मर्मत कार्यमा तीन वटा सेवा प्रदायकबाट दर–भाउ पत्र माग गरेको छैन। अतः आवश्यक सुधारका उपायहरु अपनाई अभिलेख प्रणाली सुदृढ गर्नुका साथै मितव्ययिता कायम राखी खर्च व्यवस्थापन गर्नुपर्छ।

सि नं.	खर्च शिर्षक	स्रोत	बजेट	खर्च
१	क्रसर एवम् हेभी इक्युपमेन्ट मर्मत संभार खर्च	राजस्व बाँडफाँड - संघीय सरकार	५०,००,०००.००	४९,५१,३२४.६८
२	क्रसर एवम् हेभी इक्युपमेन्ट मर्मत संभार खर्च	राजस्व बाँडफाँड - प्रदेश सरकार	५०,००,०००.००	३०,९५,०६५.२०
३	मेशिनरी तथा औजार मर्मत सम्भार तथा सञ्चालन खर्च	आन्तरिक श्रोत	१८,००,०००.००	१०,६४,६७२.००
४	साना सवारी साधन मर्मत खर्च सर्भिसिङ ब्याट्री ज्याला आदि	नेपाल सरकार - समानिकरण अनुदान	२१,००,०००.००	२०,०६,६८९.५०
			१,३९,००,०००.००	१,११,१७,७५१.३८

४७ **उपभोक्ता समिति मार्फत कार्यः**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४ मा उपभोक्ता समिति वा लाभग्राही समुदायवाट निर्माण कार्य गराउँदा वा सो सम्वन्धी सेवा प्राप्त गर्दा रोजगारीको सृजना गर्ने र लाभग्राही समुदायलाई सहभागि हुन सक्ने प्रकृतिका कार्य गराउन वा सेवा लिन सकिने उल्लेख छ । नगरपालिकाले बाटो निर्माण, भवन निर्माण जस्ता कार्य उपभोक्ता समिति मार्फत गराई उपभोक्ताले निर्माण कार्यमा प्रयोग गरेको एक्जाभेटर, डोजर जस्ता हेभि मेशिनहरु प्रयोग गरेको विल भर्पाईको आधारमा निर्माण कार्य सम्पन्न गरेको प्राविधिक प्रतिवेदनमा उल्लेख गरेको छ । उपभोक्ता मार्फत सम्पन्न गरिएका आयोजना श्रम मुलक, मितव्ययी, गुणस्तरीय र दिगोपना अभिवृद्धि हुने खालको नदेखिएको र परियोजनाको मुख्य उद्देश्य रोजगारी सृजना गर्ने नभएकोले उपभोक्ता मार्फत निर्माण कार्य गराएको मनासिव मान्न सकिएन । सार्वजनिक खरिद ऐनमा भएको खरिद सम्वन्धी प्रकृयाको अवलम्वन गर्दै श्रममुलक काम उपभोक्ताबाट र अन्य जटिल तथा निर्माण व्यवसायी प्रयोग गर्नुपर्ने काम प्रतिस्पर्धात्मक विधिबाट सम्पन्न गर्ने तर्फ कार्यालयको ध्यान जान जरुरी देखिएको छ ।

केही योजनाहरु नमुनाको रुपमा छनौट गरी सोसँग सम्बन्धित फाइल र श्रेस्ता मात्र परीक्षण गरी देखिएको बेहोरा निम्नानुसार रहेका छन् ।

(क) भुक्तानीको सिफारिसः उपभोक्ता समितिहरु मार्फत गरिएका कार्यहरुको भुक्तानी गर्दा आंशिकमा फोटाहरु संलग्न राख्ने गरेको देखियो । केहि योजनाहरुमा सम्वन्धित वडा अध्यक्षहरुको सिफारिस संलग्न गरेर भुक्तानी गर्ने गरेको देखियो । फोटाहरु संलग्न गरेता पनि कार्य शुरु हुनु भन्दा पहिलेको र कार्य सम्पन्न भए पश्चातको काम स्पष्ट देखिने गरि फोटा राख्ने गरेको देखिदैन । सम्वन्धित वडाध्यक्षले भुक्तानीको सिफारिस गर्दा कामको स्पष्ट परिमाण, गुणस्तर, समय र लागत किटान गरी कार्य सम्पन्न भए नभएको उल्लेख गर्नुपर्नेमा सो बमोजिम नगरी भुक्तानीको लागी मात्र सिफारिस गर्ने गरेको देखियो । यसवाट तोकिए बमोजिमको परिमाण, गुणस्तर र लागतमा उपभोक्ता समितिहरुबाट कार्यहरु भएको छ भन्न सकिने अवस्था देखिएन ।

(ख) जनसहभागिताः सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ उपनियम ४ मा उपभोक्ता समिति वा लाभग्राही

समुदायलाई निर्माण कार्यको बिल भुक्तानी दिँदा लागत अनुमानमा रहेको मुल्य अभिबृद्धि कर, ओभरहेड, कन्टिन्जेन्सी रकम र जनसहभागीताको अंश कट्टा गरेर मात्र भुक्तानी दिनुपर्ने र जनसहभागिताको व्यवस्था नभएको योजना उपभोक्ता समिति मार्फत संचालन गर्न नपाइने व्यवस्था छ । आयोजना/कार्यक्रम कार्यान्वयन गर्दा उपभोक्ता समितिको तर्फबाट बढी जनसहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्दछ । पालिकाले आयोजना/कार्यक्रम छनौट र कार्यान्वयन गर्दा अधिकाशं योजनामा उपभोक्ता समितिको तर्फबाट जनसहभागिता जुटाउने नीति लिएको छ । उपभोक्ता समितिबाट गरिने निर्माण कार्यमा जनसहभागिताको अंश बृद्दि गरी योजनामा उपभोक्ताको अपनत्व बृद्दि गर्नुपर्दछ ।

(ग) अनुगमन समितिः उपमेयरको संयोजकत्वमा रहेको अनुगमन समितिले कामको विवरण, सम्पन्न भएको कामको अवस्था, अनुगमन गरेको मिति, अवधि, देखिएका कमि कमजोरी, र सुधारका विषय उल्लेख गरी प्रतिवेदन गर्नुपर्नेमा अधिकांश योजनाको अनुगमन प्रतिवदनमा उक्त विषयहरु उल्लेख गरेको देखिएन । सबै योजनाहरुमा उल्लेखित सबै प्रकारको बेहोरा खुल्नेगरी अनुगमन गरेर अनुगमन प्रतिवेदन प्राप्त भए पश्चात मात्र सम्पन्न कामको भुक्तानी हुने व्यवस्था हुनुपर्ने देखिन्छ ।

४८ **प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना तर्फः**

प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाको " परियोजना कार्यान्वयन म्यानुअल, २०७७" अनुसार कृषि उत्पादन सामाग्रीहरु (बीउ, बेर्ना, बिरुवा, माछा भुरा पशु नश्ल लगायत), साना सिंचाई पूर्वाधारहरुमा ८५ प्रतिशत र नविनतम प्रविधिको विस्तारमा ८५ प्रतिशत सम्म अनुदान दिन सकिने व्यवस्था छ । पालिकाले आर्थिक बर्ष २०८१।८२ मा मकै तथा धानवाली पकेट बिकास कार्यक्रम तर्फ निम्नानुसार कृषक समुहहरुलाई निम्नानुसार अनुदान प्रदान गरेको छ । अनुदान प्राप्त कृषक समुहहरुले प्राप्त अनुदान रकमको उपयोग सम्बन्धमा पालिकाले अनुगमनको व्यवस्था गर्नुपर्दछ ।

कृषक समुह	कार्यसम्पन्न रकम (रु.)	अनुदान रकम (रु.)	समुहको योगदान (रु.)	कैफियत
जागरण कृषक समुह वडा नं. ४	११८१५२०	७७९३३६	४०२१८४	धानवालीको लागी ५० देखी ८५% अनुदान (संघ)
समता कृषक समुह वडा नं. ५	१५४०८८३	११२१३६०	४१९५२२	मकैवालीको लागी ५० देखी ८५% अनुदान (संघ)
विभिन्न ८ सहकारी संस्था	१९३००००	९६५०००	९६५०००	धानको विउ खरिदको लागी ५०% अनुदान (संघ)

४९ **पुस्तकालय अनुदानः**

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय अन्तर्गत शिक्षा तथा मानव स्रोत विकास केन्द्रद्वारा जारी कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१/८२ को क्रियाकलाप नं. २.७.१३.१३ को दफा ९.१ बमोजिम विद्यालयमा शैक्षिक गुणस्तर सुदृढिकरण तथा कार्यसम्पादनमा आधारित प्रोत्साहनस्वरूप छनोट भएका विद्यालयहरूलाई प्रति विद्यालय रु. ६,५०,००० पुस्तकालय अनुदान प्रदान गर्ने व्यवस्था रहेको छ। पालिकाले पुस्तकालय अनुदान प्राप्त विद्यालयहरूको अनुगमन, अनुदान उपयोगको अवस्था तथा त्यसको प्रभावकारिताबारे आवश्यक अनुगमन गरी प्रतिवेदन पेश गर्ने व्यवस्था गरेको देखिएन। अतः पुस्तकालय अनुदानको उद्देश्य पूर्ति सुनिश्चित गर्न अनुदान रकमको उपयोग सम्बन्धमा नियमित अनुगमन प्रणाली विकास गरी प्रभावकारिता मूल्यांकन गर्न आवश्यक देखिन्छ।

क्र.सं.	विद्यालयको नाम	पुस्तकालय अनुदान (रु.)
१	श्री जनकल्याण माध्यमिक विद्यालय	६,५०,०००
२	श्री सगरमाथा माध्यमिक विद्यालय	६,५०,०००
	जम्मा	१३,००,०००

५० **बाल विकास सहजकर्ता व्यवस्थापनः**

प्रारम्भिक बाल विकास केन्द्रको राष्ट्रिय न्यूनतम मापदण्ड मार्गदर्शक पुस्तिका, २०६७ (प्रथम संशोधन २०७५) बमोजिम २५ जना सम्म विद्यार्थी भएको अवस्थामा १ जना तथा २५ भन्दा बढी विद्यार्थी भएमा अतिरिक्त बाल विकास सहयोगी कार्यकर्ता राख्न सकिने व्यवस्था रहेको छ। तर पालिका अन्तर्गत सञ्चालित देहायका विद्यालयका बाल विकास केन्द्रहरूमा २५ भन्दा कम विद्यार्थी हुँदा पनि २ जना बाल विकास सहजकर्ता राखिएको पाइयो। यसरी आवश्यकता नपर्ने अवस्थामा अतिरिक्त सहजकर्ता राखिएकाले संघबाट प्राप्त ससर्त अनुदान अन्तर्गत प्रति व्यक्ति रु. १०,००० र पालिकाबाट रु. ८,५०० समेत रु.१८५०० का दरले निकासा भई कुल रु. १५,०३,००० खर्च लेखिएको छ। शैक्षिक मापदण्ड विपरीत अतिरिक्त सहजकर्ता नियुक्त भई अनावश्यक खर्च भएकोले सो खर्च रकम नियमसम्मत नदेखिएको रु.

क्र सं	विद्यालयको नाम	विद्यार्थी संख्या	हुनुपर्ने बाल शिक्षक	नियुक्त बाल शिक्षक	रकम रु.१३ महिना पोशाक भत्ता सहित
१	राष्ट्रिय आ.वि. पाण्डवनगर	२१	१	२	२५०५००
२	राष्ट्रिय आ.वि. सिम्रनी	२५	१	२	२५०५००
३	राष्ट्रिय आ.वि. बगौडा	१५	१	२	२५०५००
४	बालकल्याण आ.वि. जगनाथपुरी	२६	१	२	२५०५००
५	राष्टिय आ.वि. दिवानगर	१४	१	२	२५०५००
६	आधारभुत विद्यालय गोविन्द वस्ती	४३	२	३	२५०५००
जम्मा					१५,०३,०००

अनियमित भएको	१५,०३,०००

५१ **विद्यार्थी तथा विद्यालय व्यवस्थापनः**

शिक्षा नियमावली, २०५९ को नियम ४ बमोजिम विद्यालय खोल्नका लागि सामुदायिक विद्यालयको पूर्वाधार अनुसूची-३ को (ठ) बमोजिम प्रतिकक्षा विद्यार्थी संख्या हिमाली क्षेत्रमा ४०, पहाडी क्षेत्रमा ४५ र तराइ क्षेत्रमा ५० हुने व्यवस्था छ। पालिकाले उपलब्ध गराएको विवरणअनुसार २९ वटा विद्यालयमा शिक्षक दरबन्दी २७४ रहेकोमा स्थायी २०३, करार ४३ र राहत २८ गरी सबै दरबन्दी पूर्ति भएको छ। कुल विद्यार्थी संख्या ८०७२ रहेकोले पालिकाको शिक्षक–विद्यार्थी औसत अनुपात १:२९ रहेको देखिन्छ र प्रति विद्यार्थी औसत लागत रु. २९,४६०।०० रहेको छ। शिक्षक–विद्यार्थी अनुपात, प्रति विद्यार्थी लागत र भौगोलिक विकटता जस्ता पक्षलाई विचार गरी शिक्षक तथा विद्यालय व्यवस्थापन गरी पठन–पाठनलाई प्रभावकारी बनाउनुपर्दछ।

क्र.सं.	विद्यालयहरुको नाम र ठेगाना	शिक्षक संख्या	विद्यार्थी संख्या	कुल निकासा रकम (रु.)	विद्यार्थी शिक्षक अनुपात	प्रति विद्यार्थी लागत (रु.)
१	श्री वाल्मिकी आधारभूत विद्यालय, मा.न.पा. -१,शिखारीपुर	४	८१	३५२९९१६	२०	४३५७९
२	श्री राष्ट्रिय आधारभूत विद्यालय पाण्डवनगर , मा.न.पा. -१	४	८२	३६१६५६३	२१	४४१०४
३	श्री राष्ट्रिय आधारभूत विद्यालय रत्नपुर, सेरुवा, मा.न.पा. -१	४	१२१	४३१८७२०	३०	३५६९२
४	श्री सोमेश्वर माध्यमिक विद्यालय, मा.न.पा. -१	३१	९९६	२४८२७५७३	३२	२४९२७
५	श्री राष्ट्रिय आधारभूत विद्यालय जीवनपुर, गर्दी, मा.न.पा. -२	४	११२	३४१५७०१	२८	३०४९७
६	श्री राष्ट्रिय आधारभूत विद्यालय सिम्रहनी, मा.न.पा. -२	३	५६	२६०१७४८	१९	४६४६०
७	श्री राष्ट्रिय आधारभूत विद्यालय देवीस्थान, मा.न.पा. -२	३	६९	२२५३१४२	२३	३२६५४
८	श्री राष्ट्रिय आधारभूत विद्यालय बघौडा, मा.न.पा. -३	५	११३	३९४२१०५	२३	३४८८६
९	श्री माडी माध्यमिक विद्यालय, मा.न.पा. -३	३२	८४९	२५९७५३०९	२७	३०५९५
१०	श्री राष्ट्रिय आधारभूत विद्यालय रतनी धोबाहा, मा.न.पा. -३	७	३०६	६०७११५१	४४	१९८४०
११	श्री राष्ट्रिय आधारभूत विद्यालय सिमरा, मा.न.पा. -३	२	२५	१६०४८१८	१३	६४१९३
१२	श्री खैरहनी माध्यमिक विद्यालय, मा.न.पा. -४	१५	३९२	१३४७४६०२	२६	३४३७४
१३	दिवाकर स्मृति माध्यमिक विद्यालय रमाइलोडाँडा, मा.न.पा. -५	२४	११७	२२८२३६५७	४७	२०४३३
१४	श्री ब्रह्मज्योति आधारभूत विद्यालय ब्रह्मपुरी, मा.न.पा. -५	१०	१८६	७९४३८८५	१९	४२७०९
१५	श्री जनकल्याण माध्यमिक विद्यालय, मा.न.पा. -६	२६	७८९	२२७६११७२	३०	२८८४८
१६	श्री शिशु कल्याण आधारभूत विद्यालय स्याउलीबास, मा.न.पा. -६	८	१६९	६०४०७७६	२१	३५७४४
१७	श्री बालकल्याण आधारभूत विद्यालय जगन्नाथपुरी, मा.न.पा. -७	९	१४२	५९१३८८८	१६	४१६४७
१८	श्री राष्ट्रिय आधारभूत विद्यालय दिवानगर, मा.न.पा. -७	४	७६	३५८२१६०	१९	४७१३४

१९	श्री किर्तनपुर आधारभूत विद्यालय, मा.न.पा. -७	५	१२१	४३३५८७०	२४	३५८३४
२०	श्री दक्षिण कालिका आधारभूत विद्यालय देवेन्द्रपुर, मा.न.पा. -७	४	११२	३६६७८२५	२८	३२७४८
२१	श्री जनजीवन माध्यमिक विद्यालय, मा.न.पा. -८	२२	५८५	१८२५०५३७	२७	३११९८
२२	श्री राष्ट्रिय आधारभूत विद्यालय दक्षिण अयोध्यापुरी, मा.न.पा. -८	४	१४६	३६६७८२५	३७	२५१२२
२३	श्री आधारभूत विद्यालय कान्तिपुर, मा.न.पा. -८	२	५४	२३३८७७१	२७	४३३११
२४	श्री गणेश आधारभूत विद्यालय गणेशकुन्ज, मा.न.पा. -९	४	९७	२८८२०३५	२४	२९७१२
२५	श्री कृष्नगर माध्यमिक विद्यालय, मा.न.पा. -९	१३	४१७	१३५०२८८६	३२	३२३८१
२६	श्री आधारभूत विद्यालय गोविन्दवस्ती, मा.न.पा. -९	९	२५४	६९४४४०४	२८	२७३४०
२७	श्री सगरमाथा माध्यमिक विद्यालय हनुमानझुला	११	४४५	१२८२७३८९	४०	२८८२६
२८	श्री जनजागृति आधारभूत विद्यालय, भालुखोला	२	४४	२०९४९८१	२२	४७,६१३
२९	श्री दमार आधारभूत विद्यालय सिरुदमार, मा.न.पा. -९	३	११६	२५९०३६२	३९	२२३३१
कुल जम्मा		**२७४**	**८०७२**	**२३,७७,९९,७७३**	**२९**	**२९,४६०**

५२ **दिवा खाजा कार्यक्रमः**

(✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२३** को निर्णयले रू **६४,३५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२३** को निर्णयले रू **३१,३५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२३** को निर्णयले रू **३३,८२५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२३** को निर्णयले रू **३१,३५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२३** को निर्णयले रू **१५,६७५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२३** को निर्णयले रू **५२,८००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२३** को निर्णयले रू **१६,५००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२३** को निर्णयले रू **८,२५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२३** को निर्णयले रू **१०,७२५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

५३ **सेनेटरी प्याडः**

सेनेटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि, २०७६ को दफा ४ अनुसार पालिकाले खरिद गरेको सेनेटरी प्याड गुणस्तरमा कमी नआउने गरी सुरक्षित रूपमा भण्डारण गर्नुपर्ने व्यवस्था छ। साथै दफा ५ अनुसार सेनेटरी प्याड त्रैमासिक, चौमासिक वा अर्धवार्षिक आधारमा वितरण गर्न सकिने उल्लेख गरिएको छ। पालिकाभित्रका सामुदायिक विद्यालयहरूमा कक्षा ६ भन्दा माथिका छात्रा १,४४३ जना रहेका छन्। आर्थिक वर्ष २०८१/८२ को अन्तिम महिना असारमा पालिकाले २७,००० थान सेनेटरी प्याड प्रति थान रु ३१.८५ का दरले रु ९,७१,७४३.५० मा खरिद गरेको पाइयो। सो मध्ये हालसम्म २५,४९६ थान मात्र विभिन्न विद्यालयहरूमा वितरण भएको र बाँकी १,५०४ थान प्याड पालिकाको स्टोरमा मौज्दात रहेको देखिन्छ। सेनेटरी प्याड आवश्यकता पहिचानका आधारमा समयमै उचित परिमाणमा खरिद गरी निर्धारित अवधिभित्र वितरण गर्नुपर्छ, साथै भण्डारणका क्रममा प्याडको गुणस्तर सुरक्षित राख्ने व्यवस्था गर्नुपर्दछ ।

५४ **निशुल्क पाठ्यपुस्तकः**

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयद्वारा स्वीकृत कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१/८२ को क्रियाकलाप नं. २.४.६.२ (क्रियाकलाप ३.१) बमोजिम IEMIS मा प्रविष्ट तथ्याङ्कलाई स्थानीय तह अन्तर्गत सञ्चालित सामुदायिक विद्यालयमा कक्षा १ देखि १२ सम्मका विद्यार्थीहरूको वास्तविक तथ्याङ्कसँग मिलान गरी तेस्रो त्रैमासिकभित्र पाठ्यपुस्तक वापतको रकम विद्यालयहरूलाई निकासा गर्नुपर्ने व्यवस्था छ। रकम निकासाको क्रममा पहिलो चरणमा विद्यार्थी संख्याको ७५ प्रतिशत आधारमा रकम दिनुपर्ने र बाँकी रकम भने शैक्षिक सत्रको विद्यार्थी भर्ना विवरण, पाठ्यपुस्तक खरिद तथा वितरणको विवरणका आधारमा एकिन गरी, नपुग भएको अवस्थामा मात्र वितरण गर्न सकिने व्यवस्था छ। तर पालिकाले दोस्रो चरणमा विद्यार्थी भर्ना तथा विवरणका आधारमा निकासा गर्दा श्री जनकल्याण माध्यमिक विद्यालयमा IEMIS अनुसार रु.४,२३,९५३ निकासा हुनुपर्नेमा रु.३,९७,६३४ निकासा भएकोले रु.२६,३१९ बढी निकासा भएको रकम असुल गर्नुपर्ने रु.

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२३** को निर्णयले रू **४६,२६०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२३** को निर्णयले रू **२,०८९** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२३** को निर्णयले रू **७,९१८** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	२६,३१९

५५ **बढी तलव निकासाः** (३२६-2082-03-18):

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२३** को निर्णयले रू **७९,५८७**

सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

५६ **विद्यालय पुस्तकालय प्रयोगशाला तथा ICT व्यवस्थापन अनुगमन प्रतिवेदनः**

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय अन्तर्गत शिक्षा तथा मानब श्रोत विकास केन्द्रद्वारा जारी कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१/८२ क्रियाकलाप नं २.७.१३.१३ को ९.१ मा विद्यालयमा शैक्षिक गुणस्तर सुदृढिकरण एवं कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान बापत छनोट भएका विद्यालयहरुलाई पुस्तकालय अनुदान बापत प्रति विद्यालय रु. ६,५०,००० प्रदान गर्ने व्यवस्था छ । नगरपलालिकाले २ विद्यालयलाई अनुदान दिएकोमा सोको बिलभरपाई पेश भएको छ । नगरपालिकाले विद्यालयको पुस्ताकालय अनुदान सम्बन्धमा अनुगमन तथा अनुदानको प्रभावकारिताबारे अनुगमन गरेको छैन् । नगरपालिकाले अनुदान रकमको उपयोग सम्बन्धमा अनुगमन गरी प्रतिवेदन गर्नुपर्दछ ।

क्र.सं.	विद्यालयको नाम	शिर्षक/ कार्यक्रम	निकासा
१	श्री जनकल्याण माध्यमिक विद्यालय	पुस्तकालय अनुदान	६,५०,०००
२	श्री सगरमाथा माध्यमिक विद्यालय	पुस्तकालय अनुदान	६,५०,०००
जम्मा			१३,००,०००

५७ **गतवर्षको भुक्तानीः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ९ अनुसार बहुवर्षीय खरिद तथा विशेष परिस्थितिबाट सृजित दायित्वमध्ये आगामी वर्ष भुक्तानी गर्नुपर्ने बाँकी रकम समावेश गरी बजेट तयार गर्नुपर्ने व्यवस्था छ। पालिकाले गत वर्षको भुक्तानी दिन बाँकीको खाता तथा कच्चावारी (म.ले.प.फा.नं. २२१) प्रमाणित गरी चालु शीर्षकमा रु. १,६६,८८,१९१.०७ र पुँजीगत शीर्षकमा रु. ३,४५,८७,१८७.५४ सहित जम्मा रु. ५,१२,७५,३७८.६१ भुक्तानी गरेको देखिन्छ। यद्यपि आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को दफा ३९(१५) बमोजिम, भुक्तानी दिन बाँकी तलब, महँगी भत्ता, स्थानीय भत्ता, सरुवा—भ्रमण भत्ता, घरभाडा, पोशाक, खाद्यान्न तथा स्वीकृत वार्षिक कार्यक्रममा समावेश भएको सम्झौताअनुसारको रकम मात्र भुक्तानी गर्न मिल्ने व्यवस्था छ। तर पालिकाले चालु प्रकृतिका बैठक भत्ता, सञ्चार, विविध खर्च, इन्धन, व्यवस्थापन खर्च तथा सूचना प्रकाशन लगायत शीर्षकहरूमा रु. ६८,३८,२७७.१० भुक्तानी दिन बाँकी राखी यो बर्ष भुक्तानी गरेको छ । नगरपालिकाले छुट्टै आर्थिक कार्यविधि नियमावली नबनाएकोले संघीय सरकारको कार्यविधि नै लागू गर्ने अवस्थामा सम्झौता नभएका तथा अनिवार्य दायित्वभित्र नपर्ने चालु प्रकारका खर्चहरूलाई भुक्तानी दिन बाँकी राखि बजेटमा समावेश गरी भुक्तानी गर्नुभन्दा बजेटको सिमाभित्र रहि खर्च नियन्त्रण गर्नुपर्दछ ।

क्र.सं.	कार्यक्रम/आयोजना/क्रियाकलापको नाम	विनियोजन (रु.)	खर्च (रु.)
८०३३१४०३१०८ भुक्तानी बाँकी योजना			
१	न्यायिक समिति बैठक	११०६२५	११०६२५
२	वडा पदाधिकारी बैठक भत्ता १-९ सम्म	१२९१०००	१२८७०००
३	पदाधिकारी कार्यपालिका बैठक भत्ता	४२४५००	४२४५००
४	स्वास्थ्य संस्था प्रमुख इन्धन तथा संचार खर्च	१०८०००	१०८०००
५	माडी आयल प्रा.लि.	६४१२९४.१	६४१२९४.१
६	टोल विकास संस्था व्यवस्थापन वडा ९	९९२६५	९७३८३
७	टोल सुधार समिति व्यवस्थापन वडा ७	२०००००	१९९८००
८	टोल विकास संस्था तथा आमा समुह प्रोत्साहन ९	४५००००	४४७५३५
९	वडा भेला अतिथि सत्कार तथा विविध वडा २	७५०००	७५०००
१०	आदिवासी जनजाति समन्वय समिति बैठक , अन्तर्कक्रिया र विविध खर्च	५१२४०	५१०००
११	थारु कल्याणकारी सभा सास्कृतिक तथा मेला कार्यक्रम	८११२५	८११२५
१२	युथ इको क्लव सरसफाई कार्यक्रम	५००००	५००००
१३	स्वदेश एफ.एम.	७७००००	७७००००
१४	सबैं टोल विकास संस्थाहरु(सरसफाई व्यवस्थापन)	४०००००	४०००००
१५	वडा भेला वडा नं. ७	२५०००	०
१६	सहकारी संस्थाको सदस्यहरुलाई कानुनी सचेतना कार्यक्रम	३८६३०	३८६३०
१७	विवध कार्यक्रम खर्च	३००००	३००००
१८	रेवा त्रिवेणी धाम	५००००	५००००
१९	वडा कार्यालय व्यवस्थापन खर्च ६	९५२२२	९५०००
२०	फर्म सुधार अनुगमन खर्च	१३००००	०
२१	शनी मन्दिर मेला महोत्सव	१०००००	९९९००
२२	सुचना प्रकाशन, विविध खर्च	१७३९७५	५६०००
२३	विविध खर्च	६००००	१६११५
२४	चितवन अर्थो सहयोगी सामाग्री सेन्टर	११९३९०	११९०००
२५	लक्षित वर्ग यातायात भाडा	१२०००००	१२०००००
२६	वडा व्यवस्थापन शिविर संचालन अतिथि सत्कार	३९०३७०	३९०३७०

	जम्मा	७१,६४,६३६.१	६८,३८,२७७.१

५८ **पत्रपत्रिका छपाइ तथा सूचना प्रकाशनः**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८५(१क) मा रु १० लाख रुपैंयासम्मको निर्माण कार्य मालसमान र परामर्श सेवा सोझै खरिद गर्न सकिने व्यवस्था छ । त्यस्तै नियम ८५ अनुसार एक आर्थिक बर्षमा एकै फर्म वा व्यवसायी वा संस्थाबाट १० लाख भन्दा बढीको सामान सोझै खरिद गर्न नहुने व्यवस्था छ । तर पालिकाले पत्रपत्रिका छपाइ तथा सूचना प्रकाशनमा सोझै खरिद मार्फत रु . १४,८१,५१७.९० खर्च गरेको छ । पालिकाले सूचना प्रकाशनको लागि दररेट माग गरी न्युनतम मुल्य प्रस्ताव गर्नेलाइ सूचना प्रकाशन गर्ने गरी खरिद विधि अपनाई खर्चमा मितव्ययिता ल्याउनुपर्दछ ।

५९ **जरिवाना दस्तुरः**

सार्वजनिक खर्चलाई मितव्ययी तथा प्रभावकारी बनाउने सम्बन्धी मापदण्ड, २०८१ को बुँदा ८(२) अनुसार धारा, विद्युत तथा सञ्चार महसुल निर्धारित समयभन्दा अगावै भुक्तानी गर्दा छुट उपलब्ध हुने हुँदा सोही अनुसार छुट प्राप्त गरी भुक्तानी गर्नुपर्ने व्यवस्था छ। तर नगरपालिकाले चालू वर्ष कार्यालय, शाखा, स्वामित्वमा रहेका भवन तथा सडक बत्तीसँग सम्बन्धित जम्मा रु. १६,४९,०११ बराबरको विजुली महसुल समयमा भुक्तानी नगरेको पाइयो। समयसीमा नाघेर भुक्तानी गरिएकोले विद्युत प्राधिकरणको नियमानुसार लाग्ने रु. ३,७४,८२९ जरिवाना थप भुक्तानी गरी कुल रु. २०,२३,८४० भुक्तानी गरिएको छ। निर्धारित समयमै महसुल बुझाउनुपर्ने व्यवस्था पालना नगरी भई थप भएको रु. ३,७४,८२९ बराबरको थप जरिवाना खर्च नियमसम्मत नदेखिएको रु.

अनियमित भएको	३,७४,८२९

६० **लक्षित वर्ग यातायात खर्चः** (१८४-):

माडी क्षेत्रमा जेष्ठ नागरिक, विद्यार्थी तथा अपाङ्गता भएका व्यक्तिहरूलाई निःशुल्क यातायात सेवा प्रदान गर्ने उद्धेश्यले नगरपालिकाले बस व्यवसायीहरूसँग सम्झौता गरी ५० जना बस व्यवसायीलाई रु. १२,००,००० मध्ये कर कट्टा गरी रु. १०,८०,००० भुक्तानी गरेको छ। तर समझदारीपत्र बमोजिम सेवा उपभोग गर्ने लाभग्राहीको संख्या, परिचय, सेवा उपयोगको आवृत्ति तथा वास्तविक उपयोगकर्ताको विवरण प्राप्त नभएको देखिन्छ। लक्षित वर्गका लागि परिचयपत्र वितरणसमेत व्यवस्था नगरिएकाले क-कसले सेवा उपभोग गरे/नगरेको एकीन गर्न नसकिने तथा आन्तरिक नियन्त्रण व्यवस्था कमजोर रहेको देखिन्छ। अभिलेख तथा उपयोगको प्रमाण बेगर खर्च नियमसम्मत नदेखिएको रु..

अनियमित भएको	१०,८०,०००

६१ **औषधी खरिद तथा व्यवस्थापनः**

नगरपालिकाले यसवर्ष बोलपत्रको माध्यबाट रु.३,३०,४६४ बराबरको औषधी खरिद गरेको छ । सो सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन ।

- आपूर्ति हुने औषधि डव्लु.एच.ओ. सटिफइड हुनुपर्ने औषधिको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको ,
- आपूर्ति भएका औषधि एंवम सर्जिकल समान स्टोर दाखिला हुनुअघि स्पेशीफिकेशन अनुसार भए/नभएको खुलाएको कारण औषधिको गुणस्तर र म्याद सम्बन्धमा यकिन नभएको,
- औषधिको जिन्सी कितावमा आम्दानी बाँध्दा खरिद गरेको र जिल्लाबाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने नगरेको,
- औषधिको खर्च आधारमा नभई एकमुष्ट मागफारामको आधारमा घटाउने गरेको,
- नमुना परिक्षण गर्दा केही औषधिहरुमा निशुल्कको लोगो नलगाएको,

  अतः मापदण्ड बमोजिम खरिद, गुणस्तर परीक्षण,आम्दानी र भण्डारण गरी औषधि व्यवस्थापन गर्नुपर्दछ।

६२ **न्यानो झोला कार्यक्रमः**

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट जारी गरिएको आर्थिक वर्ष २०८१/८२ का सशर्त अनुदानअन्तर्गत स्थानीय तहबाट सञ्चालन गरिने कार्यक्रमसम्बन्धी मार्गदर्शन अनुसार न्यानो झोला कार्यक्रम प्रसूतिको अनुमानका आधारमा सञ्चालन गर्नुपर्ने व्यवस्था छ। सोही मार्गदर्शनका अनुसार अस्पताल/बर्थिङ सेन्टरहरूले सार्वजनिक खरिद ऐन तथा नियमावलीअनुसार तोकिएको स्पेसीफिकेशनमा आधारित भएर न्यानो झोला खरिद गर्नुपर्ने र खरिद गरिएका झोलाको गुणस्तर आधिकारिक तहबाट परीक्षण गरिनुपर्ने व्यवस्था रहेको छ । पालिका अन्तर्गत रहेका ४ वटा बर्थिङ सेन्टरहरूमा आर्थिक वर्ष २०८१/८२ मा २३६ थान न्यानो झोला जिम्मेवारी सारिएको र ३०० थान न्यानो झोला अतिरिक्त खरिद गरी रु. २,६६,११५ खर्च लेखेको छ।पालिकाको अभिलेखअनुसार जम्मा २८४ जना प्रसूति भएका छन्, तर हाल २५६ थान न्यानो झोला मौज्दातमा रहेको पाइयो, जसले आवश्यकताभन्दा बढी खरिद गरिएको देखिन्छ । त्यसैगरी, खरिद गरिएका झोलाहरू तोकिएको स्पेसीफिकेशन अनुसार गुणस्तर भएको/नभएको बारे आधिकारिक तहबाट परीक्षण गरिएको प्रमाण प्रस्तुत गरिएको छैन। अतः, खरिद भएका न्यानो झोलाको गुणस्तर परीक्षण गर्नुका साथै आवश्यकता पहिचान गरेर मात्र कार्यक्रमअनुसार उपयुक्त मात्रामा खरिद गर्नुपर्दछ।

६३ **बजेट अवण्डाः**

स्वीकृत बजेट कार्यान्वयन गर्दा सम्बन्धित शीर्षकअनुसार नै खर्च गर्नुपर्ने व्यवस्था रहेको छ। नगरपालिकाले चालू वर्षको बजेट तयार गर्दा विभिन्न प्रकृतिका शीर्षकहरूलाई एकमुष्ट रूपमा समेटी विनियोजन तथा खर्च गरेको पाइयो। यसरी फरक–फरक उद्देश्य तथा प्रकृतिका खर्चलाई एउटै शीर्षकमा राखी विनियोजन तथा खर्च गर्ने प्रचलनले बजेटको शीर्षकगत खर्च नियन्त्रण कमजोर हुने देखिन्छ। अतः कार्यक्रम कार्यान्वयन निर्देशिका बमोजिम शीर्षकगत स्पष्टता राखी बजेट विनियोजन तथा खर्च व्यवस्थापनमा ध्यान दिन आवश्यक छ।

सि नं	शिर्षक	बजेट (रु.)	खर्च (रु.)
१	घरभाडा विद्युत खानेपानी ईन्टरनेट एवं संचार खर्च	२०,००,०००	१६,२०,९२३
२	प्रोत्साहन, इन्धन तथा अन्य भत्ता	५०,००,०००	३६,४७,५८२
३	विभिन्न सफ्टवेयर संचालन, नविकरण र परामर्श तथा आई.सि.टी. जन्य खर्च	१५,००,०००	७,२३,६१४

६४ **बैठक भत्ताः** (६६-2081-06-08):

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२३** को निर्णयले रू **६,३७५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२३** को निर्णयले रू **६,३७५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२३** को निर्णयले रू **५,९५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२३** को निर्णयले रू **५,९५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२३** को निर्णयले रू **५,५२५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२३** को निर्णयले रू **६,३७५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२३** को निर्णयले रू **५,९५०**

सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२३** को निर्णयले रू **३,४००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२३** को निर्णयले रू **६,३७५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२३** को निर्णयले रू **६,३७५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२३** को निर्णयले रू **६,३७५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२३** को निर्णयले रू **६,३७५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२३** को निर्णयले रू **६,३७५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२३** को निर्णयले रू **५,५२५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२३** को निर्णयले रू **५,५२५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२३** को निर्णयले रू **६,३७५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२३** को निर्णयले रू **६,३७५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२३** को निर्णयले रू **५,५२५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२३** को निर्णयले रू **६,३७५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२३** को निर्णयले रू **६,३७५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२३** को निर्णयले रू **४२५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

६५ **पेश्की बाँकीः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५० मा पेश्की दिईएको रकम तोकिएको म्याद भित्र फस्यौंट गर्नु गराउनु पेश्की लिने दिने दुवै थरिको कर्तव्य हुने उल्लेख छ । नगरपालिकाले देहाय अनुसार यस वर्षमा दिएको पेश्की आर्थिक वर्षको अन्त्यसम्म फस्यौंट नभई रु. ५,७८,४९१.७२ बाँकी रहेकोले पेश्की फस्यौंट

गर्नुपर्दछ । चालु आर्थिक वर्षको म्याद नाघेको पेश्की रु.१,३५,८४९।०० रहेकोले उक्त पेश्की नियमानुसार फस्यौट गर्नुपर्ने रु.

क्र.सं.	पेश्की लिएको मिति	पेश्कीको विवरण	पेश्की लिने फर्म वा कम्पनीको नाम	म्याद ननाघेको (रु.)	म्याद नाघेको (रु.)
१	०२/१२/२०८२	तमु चोक बोरिङ्गमा कोटेड तार जडान तथा व्यवस्थापन	संस्थागत- नेपाल विद्युत प्राधिकरण	०	१,३५,८४९.७२
२	१२/१०/२०८१	वडा कार्यालय भवन निर्माण	निर्माण व्यवसायी- हाईकु ईन्फ्राटेक प्रा.लि.	४,४२,६४२.००	०
			कुल जम्मा	४,४२,६४२.००	१,३५,८४९.७२
				पेश्की	१,३५,८४९.७२

६६ **परामर्स तथा डीपीआर खर्चः**

बजेट व्यवस्था भई कार्यान्वियन हुने आयोजनाको मात्र गुरुयोजना/ डीपीआर लगायतको अध्ययन गरी प्रतिवेदन तयार गर्नुपर्दछ । यस कार्यालयले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहायबमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरको छ ।

कार्य विवरण	परामर्शदाता	परामर्श सेवाको लागी स्वीकृत रकम (रु.)	परामर्श सेवाको लागी खर्च रकम (रु.)	अध्ययनबाट निर्धारण भएको आयोजनाको लागत (रु.)	हाल आयोजनाको अवस्था
माडि नगरपालीकाको यातायात व्यवस्थापनको लागी गुरुयोजना	ईक्याच ईन्जिनियरिङ कन्सलटेन्सी प्रा.ली. बल्खु, काठमाण्डौ	२०,००,०००	११,८४,९१८	८८,५९,६२,५००	आ.व. २०८२/ ८३ मा यस कार्यालयबाट संचालन हुने योजना रकम रु.८,९१,००,०००.०० बजे विनियोजन भएको
माडी वडा नं. ७ मा जडीबुटी पार्कको डिपिआर	भूमि इन्जिनीयरिंग कन्सोटिर्यम प्रा.लि.., नख्खुदोबाटो, ललितपुर	४,७५,०००	४,६०,२४९	९,३८,३९,०९०	आ.व. २०८२/ ८३ मा यस न.पा. बाट रु.१० लाख र प्रदेश सरकार बाट रु,५ लाख विनियोजन भएको
माडी वडा नं. ४ र ५ मा रेडहिल पार्क र छरछरे क्षेत्रको डिपिआर	सार्थक इन्जिनियरिंग कन्सलटेन्सी प्रा.लि.., बानेश्वर, काठमाडौं	४,७५,०००	४,६२,४५३	५,२२,६१,२९८	आ.व. २०८२/ ८३ मा यस न.पा. बाट रु.५ लाख र प्रदेश सरकार बाट रु. १० लाख विनियोजन भएको
जम्मा:		२९,५०,०००	२१,०७,६२०	-	

डी.पी.आर.तयार गर्दा कार्यालयको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा कार्यालयको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनुपर्दछ । प्रतिवेदन अनुसारको योजना कार्यान्वयनको लागी बजेट विनियोजन भएको पालिकाले जनाएको छ । प्रचलित कानुनअनुसार योजना सम्पन्न गर्नुपर्दछ ।

६७ **खाना तथा विविध खर्चः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम आन्तरिक आयको परिधिभित्र रही औचित्यका आधारमा मात्र विविध खर्च गर्नुपर्ने व्यवस्था छ । पालिकाले विविध शीर्षकबाट खाना/खाजा, अतिथि सत्कार तथा बैठक सञ्चालन लगायतका प्रयोजनमा रु. १८,४९,२३३।०० खर्च गरेको छ । सो रकम पालिकाको आन्तरिक आय रु. ९,८३,६३,४६८।६० को तुलनामा १.८८ प्रतिशत रहेको छ । कार्यविधि र मापदण्डको व्यवस्था नगरी यस प्रकारका खर्चहरू भएको देखिएकाले, आगामी वर्षहरूमा कार्यविधि र मापदण्डको

व्यवस्था गरी यस्ता खर्चमा मितव्ययिता कायम गर्नुपर्दछ ।

अनुसूचीहरू

अनुसूची - १

आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८१/८२

कार्यालय र स्थान : माडी नगरपालिका, चितवन , माडी नगरपालिका , चितवन

पद	नाम	कार्यकाल सुरु मिति	कार्यकाल समाप्त मिति
कार्यालय प्रमुख	जगत् प्रसाद भुसाल	२०८१-११-२६	हाल सम्म कार्यरत
लेखा प्रमुख	हरि शरण सोती	२०८०-६-३०	हाल सम्म कार्यरत

बेरुजु वर्गीकरण:

असूल गर्नुपर्ने	अनियमित भएको	प्रमाणका कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा पेश्की
९,४९०,५२१	२,९५७,८२९	६१७,६७७.९१	०	०	१३५,८४९.७२
				प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.	१३,२०१,८७७.६३
				प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.	९,८५७,०७७.०४
				संपरीक्षणबाट थप भएको बेरुजू रु.	०
				लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.	३,३४४,८००.५९

स्थानीय तह :

गत बर्षको जिम्मेवारी		३३७४११५०.८७	
आम्दानी		खर्च	
संघीय सरकारबाट अनुदान	४६७४२३७१८.८९	चालु खर्च	५१७४१९९०८.९२
प्रदेश सरकारबाट अनुदान	८१६९३४०३.५	पूँजीगत खर्च	२५८५७९४५२.१७
राजश्व बाँडफाँट	२०६८७३९५५.०३	वित्तीय/अन्य व्यवस्था	२६१५९४१३७.१३
आन्तरिक आय	९८३६३४६८.६		
अन्य आय	२३८२०४८९१.१८		
कुल आय	१०९२५५९४३७.२०	कुल खर्च	१०३७५९३४९८.२२
बाँकी मौज्दात		८८७०७०८९.८५	

अनुसूची - २

बेरूजु दफा २८.१ सँग सम्बन्धित विवरण - अनुसूची - ३

प्राप्तिर भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (बजेट र गैरबजेट निकाय)			
क्र.स./ आर्थिक सङ्केत	विवरण (राजस्व, अनुदान र अन्य प्राप्ति)	चालुआ.ब.को कारोबार रकम	गत आ.ब. को कारोबार रकम
११०००	कर	२०,८१,२७,३९०.६५	२०,१४,८७,१२०.२७
१३०००	अनुदान	५१,२८,९३,२८६.५५	५०,३९,२७,८६३.४२
१४०००	अन्य राजस्व	९,६८,२७,८१०.९८	५,५९,३२,८५५.७२
१५०००	विविध प्राप्ति	२,८२,२२२.००	०
क	कुलजम्मा प्राप्ति	८१,८१,३०,७१०.१८	७६,१३,४७,८३९.४१
३	चालु	५१,७४,१९,९०८.३७	५०,९८,८७,२६३.५१
२१०००	पारिश्रमिक / सुविधा	३२,६१,७७,०९४.८०	३२,२३,०३,६६६.५४
२२०००	मालसामान तथा सेवाको उपयोग	१३,९०,४३,०५०.५२	१२,७५,५०,८२२.६६
२५०००	सहायता (Subsidy)	१,९६,७१,४१९.९७	२,३४,००,०८७.७३
२६०००	अनुदान	४०,४४,५३६.००	४८,८९,४३४.८६
२७०००	सामाजिक सुरक्षा	२,३८,६७,४१६.१९	२,८०,४८,३८५.७२
२८०००	अन्य खर्च	४६,१६,३९०.८९	३६,९४,८६६.००
४	पूंजीगत	२५,८५,७९,४५२.१७	२६,८४,९७,०८७.५६
३१११०	भवन तथा संरचना	३,८१,८४,१३९.८९	५,८९,४८,५५३.३८
३११२०	सवारीसाधन, मेशिनरी औजार, फर्निचर्स तथा फिक्चर्स	१,४०,०७,६४३.००	८९,३६,२७५.४१
३११३०	अन्य पूँजीगत खर्च	८७,९०,८६९.००	२,०३,१९,२५०.७८
३११४०	सुरक्षा उपकरण	१,४१,७५६.००	०
३११५०	सार्वजनिक निर्माण	१९,६१,८९,५२१.५८	१७,३३,६८,३६४.५२
३११६०	निर्मित सरचनाको सुधार खर्च	१२,१५,५९२.७०	५३,३०,५१५.५१
३११७०	पूँजीगत सुधार खर्च	०	१५,९४,१२७.९६
३१२२०	मौज्दात सामानहरु	४९,९३०.००	०
ख)	कुल जम्मा भुक्तानी	७७,५९,९९,३६०.५४	७७,८३,८४,३५१.०७
ग)	बचत /कमी (ग = क-ख)	४,२१,३१,३४९.६४	-१,७०,३६,५११.६६
घ)	धरौटी, आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप/घट (+/-)	१,२८,६६,०२१.५९	१३,७४,६६२.९४

घ.१)	कट्टीरकम भुक्तानी/दाखिला गर्न बाकी	३१,४३२.२५	-३९,१०६.११
ङ)	यसआ.ब.को नगद तथा बैंक मौज्दात (बचत /(कमी)) (ङ = ग+घ)	५,४९,९७,३७१.२३	-१,५६,६१,८४८.७२
च)	गतआ.व.को नगद तथा बैंक मौज्दात	३,३७,४१,१५०.८७	४,९४,०२,९९९.५९
छ)	विनिमय नाफा/घाटा तथा अन्य समायोजन		
ज)	आ.व.अन्तको बाँकी नगद तथा बैंक मौज्दात (ज= ङ+च+छ)	८,८७,३८,५२२.१०	३,३७,४१,१५०.८७

सुझाव

स्थानीय तहहरूद्वारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गरी समयमै पारित गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ। कार्ययोजना तयार गरी विगतका आय बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- नेपालको संविधानको धारा ५९ को उपधारा ७ मा सङ्घ, प्रदेश र स्थानीय तहको बजेट घाटा व्यवस्थापन तथा अन्य वित्तीय अनुशासन सम्बन्धी व्यवस्था संघीय कानुन बमोजिम हुने उल्लेख भएकोमा कतिपय प्रदेश र स्थानीय तहले यस सम्बन्धी कानुन निर्माण गर्दा संघीय कानुनसँग सामाञ्जस्यता कायम नगरेकोले यसमा सुधार हुनुपर्दछ ।
- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलब सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ ।
- स्थानिय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ । पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ । अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ ।
- व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ । यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुन पर्दछ। यस्तो निर्माण व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा गरिनु हुँदैन ।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ।निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।
- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ ।
- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अर्थ विविध वा अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।
- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितताबेगरका कार्यक्रम/आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।
- कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।

- उपभोक्ता समितिबाट काम गराउँदा खरिद सम्झौतामा तोकिए बमोजिमको जनसहभागिताको अंश समितिबाट व्यहोर्ने गरी सम्झौता गरेकोमा कतिपय काममा सो अंश व्यहोरेको यकिन नगरी भुक्तानी दिएकोले सम्बन्धित कर्मचारीलाई जवाफदेही बनाउनुपर्दछ ।
- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फस्यौंट गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फस्यौंटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ । लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फस्यौंट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।
- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फस्यौंट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ । मौज्दातमा रहेका यन्त्र, उपकरण र औजार मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था एकीन गरेर मात्र खरिद गर्नुपर्दछ ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ । तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ।
- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौता तथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ। एकै प्रकारको कामको लागि निकायगतरूपमा अलग - अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ ।
- सेवाग्राही समेतको योगदानमा आधारित रही विभिन्न कोषको स्थापना भएकोमा यस्ता कोषको रकम खर्च गर्दा सेवाग्राहीको हित संरक्षण भएको सुनिश्चितता हुनुपर्दछ ।